# संसारद्वारा, धोखामा पारिएको एउटा मण्डली

येशू ख्रीष्ट, उहाँको पुत्र, र हामीलाई सबै थोक ख्रीष्टमा स्वतन्त्र रूपमा दिनुभएको छ। हामीहरु तपाईमा आभारी छौँ, प्रभु, हामीलाई प्रदान गरिएको विशेषाधिकारहरुका लागि येशूले कलवरीमा हाम्रो निम्ति दिनुभएको यो महान सर्वोच्च बलिदानद्वारा, कि यसले हामीलाई फेरी पनि संगतिमा र तपाईको कृपा पाउनको लागि पुनःमिलापमा ल्याएको छ, ताकी यो लेखिएको छ भनेर थाहा पाउँदा हामीले यो सान्त्वना पाउन सक्छौ, “यदि तिमीहरु ममा रह्यौ, र मेरा वचनहरु तिमीहरुमा, तिमीले चाहेका जे पनि माग्नेछौ, त्यो तिम्रो निम्ति गरिनेछ।” अब, हामीहरु यसको लागि आभारी छौ, र प्रार्थना गर्दछौ कि तपाईले हामीलाई हामीमा भएका सबैकुराबाट यो विश्वास गर्नको लागि विश्वास दिनुहुनेछ।

2 अब हामी यसलाई अलग राखौ, प्रभु, दिनको हरेक परिश्रम, यस जीवनको हरेक हेरचाह, सफा गर्ने मित्र देखि लिएर पाष्टरसम्म, कि त्यहाँ हाम्रो दिमागमा अब केहि हुनेछैन, तर प्रतिक्षारत हुनेछौ, पवित्र आत्माले हामीसंग बोल्नको निम्ति आदरपूर्वक सुन्नेछौ, ताकी हामीले केहि राम्रो कार्य पूरा गर्न सकौँ, तपाईको बारेमा अझै धेरै जान्न सक्न, एकसाथ भेला हुनाले। किनकि, प्रभु, साच्चै नै त्यसकारणले हामी यो तातो दिनमा यहाँ आएका छौँ। तपाईको जीवित वचनद्वारा हामीमा बोल्नुहोस्, र जीवित वचन हामीमा वास गर्न र हामीमा रहन दिनुहोस्, ताकी हामी आकार र रुप दिईन सकेका होऔ, संसारको लागि होइन, तर हाम्रो आत्माको नवीकरणद्वारा रूपान्तरण भएका होऔ, परमेश्वरको पुत्रको रूपमा। ओ, जब हामी सोच्छौ हाम्रो हृदयहरु थरथर काँप्छ, र आनन्दको बाढीहरुले हाम्रो प्राणह भरिन्छ, यो जान्दा कि हामीहरु परमेश्वरको छोरा र छोरीहरु भनि बोलाईना सम्भव छ। हामी उहाँको दोश्रो आगमनको छेउमा उभिएका छौँ, र सबै राष्ट्रहरु र राज्यहरु हाम्रा खुट्टामुनि काँपिरहेका छन्, संसारका सबै कुराहरु हराउदै गईरहेका छन्, तर यो जान्दै कि कुनै दिन उहाँ आउनुहुनेछ र हामीलाई एउटा राज्यमा लानुहुनेछ जहाँ त्यहाँ कहिल्यै अन्त्य हुनेछैन, या, यो कहिल्यै पनि हल्लाईनेछैन। र हामीहरु अहिले—अहिले त्यो राज्यको प्रजाहरु हौँ

भनि सोच्नु! ओ परमेश्वर, आज हाम्रो हृदय र कानहरुको खतना गर्नुहोस्, पवित्र आत्मा द्वारा—द्वारा, वचनको पानीको धुलाईद्वारा। किनकि हामी यो उहाँको नाउँमा र उहाँको महिमाको लागि माग्छौ। आमेन।

3 म आज विहान यस विषयमा अगि बढ्न चाहन्छु। किनकि, म केहि एउटा फरक कुराको विषयमा बोल्न जाँदै थिए यदि त्यहाँ चंगाईको सेवकाई हुनेथियो भने, तर हामीले प्रार्थनाको कार्डहरु आठ बजे, आठ–तिस सम्म या नौ बजेसम्ममा दिने घोषणा गर्यौ। र म केवल...बिल्ली केहि मिनेट अघि माथि घरमा आए र उनले भने कि यहाँ शायद कोहि छैन, त्यसैले उसले प्रार्थनाको कार्ड दिएन। त्यसैले हामीहरु...मैले यो पाठ लिने बारेमा सोचेको थिए, मण्डलीको सुधारको लागि। र म यो विषयमा बोल्न चाहन्छु: *संसारद्वारा, धोखामा पारिएको एउटा मण्डली।* म अब न्यायकर्ताको पुस्तकबाट केहि अंश पढ्न चाहन्छु, १६ औ अध्याय, १० पदबाट शुरू गर्नेछौ।

> *तब दलीलाले शिमशोनलाई भनी, तपाईंले त मलाई बेवकूफ तुल्याउनुभयो र मलाई झूट बोल्नुभयो: यस पल्ट भन्नुहोस्,* तपाईंलाई *कसरी बाँध्न सकिन्छ।*
>
> *तिनले त्यसलाई भने, यदि* तिमीले *मलाई कहिल्यै नचलाएका नयाँ डोरीहरूले कसेर बाँध्यो, भने म अरू मानिसजस्तै निर्बल भइहाल्नेछु।*
>
> *यसैले दलीलाले नयाँ डोरीहरू ल्याएर तिनलाई बाँधी, तब त्यसले कराएर भनी, शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे है। त्यस बेला पनि मानिसहरू भित्री कोठामा लुकिबसेका* थिए। *तर तिनले आफ्ना पाखुराका डोरीहरू* धागोजस्तै *चुँड़ाइदिए।*
>
> *फेरि दलीलाले तिनलाई भनी, तपाईंले त अझै पनि मलाई बेवकूफ तुल्याइराख्नुभएको छ र मलाई झूट बोल्दैहुनुहुन्छ। भन्नुहोस्,* तपाईंलाई कसरी *बाँध्न सकिन्छ? तिनले भने, मेरा कपालका सात वटा लट्टालाई...तानमा बुनेर कीलाले कसेर राख्यौ भने म अरू मानिसजस्तै निर्बल भइहाल्नेछु।*
>
> *यसैले तिनी सुत्दा त्यसले तिनको कपालका ती सात वटा लट्टालाई तानमा बुनेर* कीलाले *कसेर राखी। अनि फेरि त्यसले*

*कराएर भनी, शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे है।* *अनि तिनी निद्राबाट* जागे, र तान *समेत* कीला *उखेल्दै,* र *जालहरु लिएर टाढा गए।*

*तब त्यसले तिनलाई भनी, तपाईं मलाई प्रेम गर्नुहुन्छ भनी कसरी भन्नुहुन्छ, जब कि तपाईंको हृदय* भित्र *म छैन? यो तेस्रो पल्ट पनि तपाईंले मलाई बेवकूफ तुल्याउनुभयो र तपाईंको महाबल केले* दिन्छ *भनी अझ* बताउनुभएको *छैन।* तपाईंको *महाबल केले दिन्छ भनी अझ* बताउनुभएको *छैन।*

*यसरी* त्यसले *तिनलाई यी कुराले दिनहुँ पिरोली र हैरान पारी। र तिनलाई बिन्ति गरि, त्यसैले तिनको प्राण मृत्युमा पुग्ने गरी पिरोले;*

र *यसकारण आफ्नो गुप्त कुरा तिनले त्यसलाई भनिदिए। तिनले* भने, मेरो *कपालमा कहिल्यै छुरा लागेको छैन; किनभने जन्मैदेखि परमेश्वरको निम्ति अलग गरिएको म एक नाजिरी हुँ: यदि मेरो कपाल खौरियो भने मेरो बल मबाट गइहाल्नेछ, र म* अरू *मानिसजस्तै निर्बल हुनेछु।*

*तिनले सबै गुप्त कुरा बताएका हुन् भनेर जब दलीलाले थाहा पाई, तब त्यसले पलिश्तीहरूका मुखियाहरूलाई* डाकिपठाई, र *भनी, झट्टै आउनुहोस्, तिनले मलाई आफ्ना गुप्त कुरा* बताएका छन्। *यसैले* पलिश्तीहरूका *मुखियाहरू आए, र पैसा* ल्याए, या *र आफ्ना साथमा चाँदी पनि ल्याए,* उनको *हातमा दिए।*

*त्यसले शिमशोनलाई आफ्नो काखमा सुताई, र एक जना मान्छेलाई बोलाएर,* सातै वटा *लट्टा खौरिन* लगाई, *यसरी दलीलाले शिमशोनलाई काबूमा पार्न लागी अनि तिनको बल* हट्यो।

*तब त्यसले कराएर भनी, शिमशोन, पलिश्तीहरू तपाईंमाथि आइलागे है। तिनी आफ्नो निद्राबाट जागे, र भने, म सधैँझैँ आफैलाई मुक्त गर्नेछु। तर परमेश्वरले तिनलाई छोड़िसक्नुभएको छ भनी तिनलाई थाहा थिएन।*

4 अब म, यस विषयको लागि एउटा पाठ पढ्न चाहन्छु, प्रकासको पुस्तकमा भेटिने, दोस्रो अध्याय, २१ औ पद देखि शुरू गरेर २३ औ पदसम्म।

*मैले त्यसलाई पश्चात्ताप गर्ने समय दिएँ, तर त्यसले आफ्नो* व्यभिचारबाट *पश्चात्ताप गर्न इन्कार गरी।*

*हेर, म त्यसलाई रोग–शय्यामा फालिदिनेछु, र त्यससँग व्यभिचार गर्नेहरूलाई महासङ्कष्टमा फालिदिनेछु। त्यसले गरेका कामहरूबाट पश्चात्ताप गरेनन् भनेहासङ्कष्टमा फालिदिनेछु।*

*म त्यसका छोरा–छोरीहरूलाई मार्नेछु; र सबै मण्डलीहरूले थाहा पाउनेछन्, कि म उही हुँ, जसले सबैका मन र हृदयको जाँच गर्दछु: र म तिमीहरू हरेकलाई तिमीहरूका कामअनुसार दिनेछु।*

उहाँको वचन पढाईमा परमप्रभुले आशिष दिनुभएको होस्।

5 शिमशोन, मण्डली जस्तै एउटा ठूलो सम्झौता, सहि नै शुरूवात गरे। उनले सहि दिशाबाट शूरूवात गरे। उनले शुरू गरे, र उनलाई एउटा शाक्तिशाली वीर मानिस भनिन्थ्यो। उनले शुरू गरे, प्रभुलाई सेवा गर्दै, उहाँको वचन पालन गर्दै र उहाँको आज्ञाहरु पालन गर्दै शुरू गरे। र त्यो केहि हदसम्म मण्डली जस्तै नै थियो। यो यसरी शुरू भयो, जस्तो हामीले भन्नसक्छौ, एउटा विश्व अभिव्यक्तिको रूपमा, दाहिने खुट्टामा शुरू भयो। परमप्रभुको आज्ञाहरु पालन गरेर शुरू भयो। र जबसम्म शिमशोनले परमप्रभुलाई पछ्याईरहे, प्रभुले शिमशोनलाई प्रयोग गर्नुभयो।

6 किनकि, परमेश्वरले कसैलाई पनि राख्न र जो कोहिलाई पनि प्रयोग गर्नसक्नुहुन्छ जसले उहाँलाई पछ्याउदछ, किनकि यो परमेश्वरको काम हो। तर जब हामी तर्किन्छौ, परमेश्वरको कुराहरुबाट टाढा जान्छु, तब परमेश्वरले हामीलाई प्रयोग गर्नसक्नुहुन्न। जब हामी परमेश्वरको आज्ञाहरुमा दृढतापूर्वक हिड्नेछौ, जब हामी बाईबलको पानाहरुमा बस्नेछौ र लेखिएको वचनद्वारा आराधना गर्दछौ, उहाँलाई आत्मा र वचनको सत्यटामा आराधना गर्छौं, तब परमेश्वर जोकोहि व्यक्तिलाई पनि प्रयोग गर्न सक्नुहुन्छ। तर केहि अन्य कुरा पछि जब तिनीहरुले एउटा धारणा लिएर एक तर्फी फर्किन थाल्छन्, तब परमेश्वरले त्यस व्यक्तिलाई प्रयोग गर्न सक्नुहुन्न।

7 त्यसैले, शिमशोनले आजको मण्डलीको एउटा—एउटा उत्कृष्ट प्रतिनिधित्व बनाउछ। जब मण्डली शुरू भयो, परमेश्वरले मण्डलीलाई प्रयोग गर्न सक्नुहुन्थ्यो, किनकि मण्डली प्रभुको आज्ञाहरुको पछि लगनशील भएर हिडिरहेको थियो, उहाँका सबै न्यायहरु र उहाँको नियमहरु पालन गर्यो, र उहाँको सबै आज्ञाहरु पालन गर्यो। र परमेश्वर मण्डलीसंग हुनुहुन्थ्यो। तर मण्डलीको बीचमा यस्तो कमजोर ठाउँ रहेको जस्तो देखियो।

8 याद गर्नुहोस्, हामीहरु एउटा वनभोजमा छैनौ, तर हामी एउटा युद्ध भूमिमा छौ। धेरै जसो मानिसले केवल यो सोच्छन् कि जब तिनीहरु एउटा इसाई बन्छन् तिनीहरुले गर्न पर्ने त्यहि नै हो, यतिले नै सदाको लागि पुग्छ ठान्छन्, किनकि तिनीहरु एक इसाई हुन् र सबैकुरा सजिलो हुनेछ मान्छन्। त्यो कहिल्यै पनि आफ्नो टाउकोमा नराख्नुहोस्। किनकि, म लड्नको लागि, विश्वासको असल लडाई लड्नको लागि एउटा इसाई बनेको हुँ। म एउटा इसाई यसकारणले बने, युद्धको पंक्तिमा जानको लागि। हामीहरु इसाई सिपाहिहरु हौँ, र हामीलाई प्रशिक्षण गरिन र सिकाईनु पर्दछ, र शत्रूको सबै युक्तिहरु जान्नुपर्दछ, कसरी शसक्त हुने भनेर जान्न, कसरी लडाई लड्ने भनि—भनि जान्न। र हामीले त्यो केवल पवित्र आत्माले हामीलाई यो प्रकाश गरेपछि मात्रै गर्न सक्छौ। जब हामी युद्धमा जान्छौ, हामीले कुनै अन्य राष्ट्रले भनेको कुरा लिनसक्दैनौ, तिनीहरुको केहि विचारहरु। तर हामीले हाम्रो आफ्नै विचारहरु लिनु पर्छ, पवित्र आत्माले हामीलाई निर्देशन दिए अनुसार, र उहाँले हामीलाई कस्तो विचार दिनुहुन्छ, किनकि उहाँ इसाईहरुको सेनाको आदेश दिने प्रमूख हुनुहुन्छ।

9 शिमशोनले असल नै गरे, उनी तबसम्म महान् मानिस थिए जब उनले, उनले एक प्रकारको (हामीले यसलाई भन्छौ) वरपर बदमाशी गर्न थाल्यो, जबसम्म उनले आफ्नो सिमाभन्दा बाहिर निस्किन थाल्यो। र मण्डली राम्रै चल्दैथियो, र सबैकुरा तबसम्म ठिक थियो जब तिनीहरु आफ्नो सिमा भन्दा बाहिर निस्केका थिएनन्। शिमशोनले जिस्किन शुरू गरे। र उनी इस्राएली केटिहरुसंग जिस्किदै थिएनन्, उनी एउटा फलिश्ती केटिसंग जिस्किन थाल्यो।

10 र त्यो केहि हदसम्म मण्डलीले गरेको जस्तै थियो। यसले कहिल्यै पनि आफ्नै संग प्रेम गर्न शुरू गरेन, यो अविश्वासीको पछि लाग्यो र अविश्वासीहरुसंग जिस्किन थाल्यो। त्यहि निर हो जहाँ हामीले ठूलो, र

सबैभन्दा भयानक गल्ति गर्यौं, जब मण्डली त्यो काम गर्न थाल्यो जुन सहि थिएन। यसले, शिमशोनले जस्तै, खराब संगतहरु राख्न थाल्यो।

11 शिमशोन, जबसम्म उनी प्रभुका मानिसहरुको संगतमा थिए, उनले सबैकुरा ठिक गरेका थिए। तर जब उनी खराब संगतसंग जिस्किन गए, तब उनी समस्यामा परे।

12 र मण्डलीसंग पनि यस्तै नै छ। जब मण्डलीले पवित्र आत्माको अगुवाईलाई श्रद्धापूर्वक र दैनिकी रूपमा पछ्यायो, परमेश्वरले तिनीहरुलाई आशिष दिनुभयो, र चमत्कारहरु र चिन्हहरु र आश्चर्यका कुराहरुले मण्डलीलाई पछ्यायो। तर जब यसले खराब संगत राख्न थाल्यो, संसारसंग! खराब कामहरु मध्ये एउटा यसले गर्यो, र पहिलो कुरा यसले गर्यो, यो संस्थागत हुन थाल्यो, अन्य विश्वासीहरु विच संगति तोड्दै गयो, किनभने तिनीहरुले यो थाहा पाए कि राष्ट्रहरु संगठित थिए। तर यो महान् सुसमाचार कुनै एक राष्ट्र या एक जातिका लागि समर्पित छैन। यो तिनीहरुको लागि समर्पित छ "जसले इच्छा गर्दछ, त्यो आओस्," सबै जातिहरु, कुलहरु, भाषाहरु, र मानिसहरु। हामीले सिमा रेखाहरु कोरोस् भन्ने परमेश्वरको अभिप्राय कहिल्यै थिएन।

13 तर पुरुषहरु यस्तो बन्न चाहे, तिनीहरुले तुलना गर्छन्, या नक्कल गर्छन्, संसारले गरेको जस्तो गर्न—गर्न जान्छन्। तिनीहरुले गर्ने कुराहरु भन्छन्, जसरी तिनीहरु सफल थिए त्यसरी नै सफल बन्न चाहन्छन्। संसारले गर्ने कुनै पनि कार्य गरेर हामी कहिल्यै सफल हुन सक्दैनौ। परमेश्वरका नियमहरु र उहाँको काम गर्ने तरिकालाई पछ्याएर मात्रै हामी सफल हुनसक्छौ। संसारको ढाँचामा चलेर हामी कहिल्यै पनि बन्न सक्दैनौ। यदि चुरोट कम्पनिले टेलिभिजनद्वारा आफ्नो सबैभन्दा ठूलो सफलता पुर्याएको छ भने, र बियर र व्हिस्की भिडले टेलिभिजनको योगदानबाट आफ्नो ठूलो सफलता बनेको छ भने, मण्डलीले टेलिभिजनको मार्फतबाट आफ्नो सफलता हासिल गर्नेछ भन्ने संकेत त्यो होइन। मण्डलीको सफलता सुसमाचार, परमेश्वरको शक्तिको प्रचारमा निहित छ, र आत्माको प्रदर्शनमा। हामीले भन्न सक्दैनौ किनभने त्यो टेलिभिजनले चुरोट कम्पनि र—र अन्य कम्पनिहरुको लागि *यो–र–त्यो* गर्यो! ती मानिसहरुसंग तुलना गर्नको लागि हामीसंग कुनै धर्मशास्त्र छैन। र जबसम्म हामी गर्दछौ, हामीले धेरै संख्यामा मानिसहरुलाई आकर्षित त गर्न सकौला, तर त्यो गर्नको लागि

परमेश्वरले हामीलाई नियुक्त गर्नुभएको होइन। हामी सोच्छौ किनभने हामी सबै रंगहरुका छौ, उचाईमा उड्दैछौ, ठूला संगठनहरु, महान् रंगिन चिजहरु हुनको लागि कार्य गर्दैछौ, कि यो एक सफलता हो। आत्मिक रूपमा बोल्दा, हामीहरु दिनहुँ आफ्नो खुट्टामा मरिरहेका छौ। यदि हामी दश लाख बलियो गरि यस बिहानीमा खडा हुन्छौ, र पवित्र आत्मा हामीसंग हुनुहुन्नथ्यो भने, हामीसंग पवित्र आत्माको साथ दस बलियोसंग खडा हुनु राम्रो हुन्थ्यो। हामीले संसारसंग तुलना गर्न सक्दैनौ।

14 र ती मध्ये पहिलो कुरा, जुन थियो, मण्डलीहरुले आफैलाई संगठित गर्न थाले। पहिलो संगठन क्याथोलिक मण्डली थियो, र त्यसपछि लूथरन मण्डली आयो। जब तिनीहरुले यसलाई संगठन बनाउनको लागि तिनीहरु क्याथोलिक मण्डलीमा संगठित भए, एक दिन त्यहाँ एउटा चिच्याहट थियो, "शिमशोन, फलिश्तीहरु, तिमी माथि आईलाग्यो," र शिमशोनले क्याथोलिक मण्डलीको बाधेको डोरी चुडाले, र मार्टिन लूथर, संगठनहरुका साथ अगाडि आए।

15 त्यसपछि तिनीहरुले मण्डलीलाई अर्को डोरीले बाँधे, जस्तो दलीलाले गरेकि थिईन्। र तिनीहरुले थाले...परमेश्वरले बोलाएको मानिसलाई लिनको सट्टामा, मानिसहरु जो पवित्र आत्माद्वारा बोलाईका थिए; हुनसक्छ तिनीहरुलाई आफ्नो एबिसीहरु आउदैन थियो होला, तर तिनीहरुले ख्रीष्टलाई चिनेका थिए। त्यसपछि मण्डली राजनीतिक वक्ताहरुको शैलीमा, र चाल–ढालमा ढल्कियो। र त्यसपछि तिनीहरुले आफ्ना प्रचारकहरुलाई "डाक्टरको डिग्री," दिनपर्यो सबैजना एउटा दिव्यताको डाक्टर हुनुपर्यो। मण्डलीलाई बाध्ने त्यो अर्को एउटा डोरी थियो। पुरुषहरु बाहिर जान्छन् र अध्ययन गर्छन्, हरेक सेमिनारीले एउटा राम्रो विद्वान उत्पादन गर्ने प्रयास गर्छ ताकी तिनीहरुको मण्डलीले गर्व गर्न सकून्, "हाम्रो पादरी त दिव्यताको डाक्टर हुनुहुन्छ।" र तिनीहरुले के गरे? एकले अर्कोको भन्दा धेरै ज्ञान प्राप्त गर्न प्रयास गर्छ। ठिक छ, त्यो परमेश्वरको नजरमा यसको कुनै अर्थ छैन।

16 र त्यहाँ कुनै मानिसले आफ्नो संसारिक ज्ञान लिएर परमेश्वरलाई यसबाट प्रसन्न पार्ने कोशिष गर्नु जरूरी छैन। यो परमेश्वरको नजरमा घृणित छ! तपाईले परमेश्वरलाई संसारीक महत्वकांक्षा र ज्ञानले कहिल्यै खुसी पार्न सक्नुहुन्न, किनभने "यो परमेश्वरसंग शत्रूता हो," भनि धर्मशास्त्रले भन्छ। उसले यो गर्न सक्दैन।

17 र हरेकले सबै ज्ञान प्राप्त गर्ने प्रयास गर्छ। तिनीहरुलाई के गर्ने र भन्ने शब्दहरु मात्रै थाहा छ, र यो केवल एउटा शक्तिशाली प्रदर्शन, पवित्र आत्माको सन्देशको सट्टामा एउटा राजनैतिक भाषण मात्रै बन्छ जुन मानिसहरु हृदयमा डुब्छ र उसको पापहरु पत्ता लगाउछ। तिनीहरु राजनीतिक कुराहरुको लागि प्रशिक्षित छन्, र हामीलाई त्यो चाहिदैन। पावलले भनेको थियो, “वचन हामी कहाँ आयो, केवल होइन...या, सुसमाचार, वचन मात्रै, तर पवित्र आत्माको शक्ति र प्रकटीकरण मार्फत।” जसले सुसमाचार ल्यायो, पवित्र आत्माको शक्ति प्रदर्शन गर्दै! तर सबै यी मानिसहरु सेमिनारीहरु जान्छन्, र तिनीहरुले मानिसहरुको अगाडि कसरी खडा हुने भनि ठूला शिक्षाहरु सिकाउछन्, तिनीहरुले आफूलाई कसरी प्रस्तुत गर्ने, तिनीहरुले कसरी लुगा लगाउनु पर्छ र तिनीहरुले कसरी व्यवहार गर्नुपर्छ, तिनीहरुले कहिल्यै गलत व्याकरण बोल्नुहुदैन। अब, एउटा राजनीतिक भाषणको लागि त्यो ठिक छ, तर हामीहरु मानिसको मनमोहक शब्दहरु पछि लागेका छैनौ। पावलले भने, “मैले प्रचार गरेको सुसमाचार यसै आएको होइन, तर यो पवित्र आत्मा र प्रदर्शनको शक्तिको नवीकरण—नवीकरणद्वारा यो आउदछ।” सहि रुपमा बनाईएको भाषणद्वारा यो आउदैन, कि तपाईको विवेक, या तपाईको भरोसा मानिसको वेवेकमा हुनेछ। तर यो बौरी उठ्नुभएको ख्रीष्टको शक्तिको प्रदर्शनद्वारा आउदछ। त्यो सुसमाचार हो, “उहाँलाई पुनरुत्थानको शक्तिमा उहाँलाई चिन्नु हो।”

18 हरेकले आफूलाई अर्को मान्छेभन्दा केहि होसियार छु भनि सोच्न खोज्छ, हरेक संगठित मण्डलीले। मेथोडिष्टले भन्नेछ, “हामीसंग सबैभन्दा बुद्धिमान मानिस छ।” ब्याप्टिष्टले भन्नेछ, र चर्च अफ क्राईस्टले, र त्यस्तै अन्यले, तिनीहरु सबैले, “हामी, हामीहरु सबैभन्दा विद्वान छौ। हामी, हाम्रो—हाम्रो मानिसहरु, हामीले केवल साधारण मानिसलाई बाहिर गएर सुसमाचार प्रचार गर्न दिदैनौ।” तर उनीहरुले तिनीहरुलाई आफैले चुनेर ल्याउछन् (ओ परमेश्वर, दया गर्नुहोस्!) तिनीहरुलाई चुन्नुहोस्; यदि तिनीहरु आफ्नो कुनै निश्चित सिद्धान्तको दस्तावेजमा छन् भने, तब तिनीहरुले तिनीहरुलाई मण्डलीमा राख्छन्। परमेश्वरले कुनै पनि हालतमा त्यसलाई छुन सक्नुहुन्न। म चाहन्छु कि कसैले मलाई प्रचार गरोस् जुन पवित्र आत्माले चुनेको होस्, परमेश्वरले उठाएको होस्, कुनै मानिसले या सम्प्रदायले छानेको होइन।

19 सबै ज्ञान! तिनीहरुले भन्छन्, “ओ, हामीलाई यसको बारेमा सबै थाहा छ,” र ती मध्ये केहिलाई पवित्र आत्माको पहिलो वर्णमाला नै थाहा छैन। तिनीहरुले यसलाई अस्विकार गर्छन्।

20 यसले मलाई एउटा सानो पुस्तकको सम्भना दिलाउछ जुन मैले एकदिन क्यालिफोर्नियामा पढेको थिए, करिब दस वर्ष पहिले। मैले पुरानो पुस्तक पसलबाट यसलाई लिएको थिए। मैले भुले लेखक को थियो भनेर। केवल एउटा सानो टेन–सेन्टको पुस्तक, तर यो ठट्टा र धूर्त देखिने भए पनि यसमा केहि राम्रो अर्थ थियो। तर, मैले त्यहाँ केहि फेला पारे जुन मलाई परमेश्वरले बोलेको जस्तो लाग्यो। र एउटा सानो कथा यसरी शुरू भयो। एक बिहान एउटा ठूलो कुखुराको खोरमा, त्यहाँ एउटा निश्चित सानो भाले थियो जसले सोचेको थियो कि उसले जान्न पर्ने सबै ज्ञान उसमा छ। त्यसैले एउटा बकास माथि उड्यो र उनको सानो मुखले बाकसमा, चार या पाँच पटक पिट्यो, आफ्नो सानो टाउको पछाडि फाल्यो र यसरी बास्यो जस्तो कि तपाईले कहिल्यै भालेले त्यसरी बासेको सुन्नुभएको थिएन। र अरू, उसले अरुहरुको ध्यान आकर्षित गर्यो, र त्यसले भन्यो, “यस कुखुराको खोरको महिला र सज्जनहरु, म तपाईहरुमा यस बिहान केहि महान् शैक्षिक कार्यक्रमको बारेमा बोल्न चाहन्छु जुन हामीले भर्खरै रूपरेखा कोरेका छौ।” भन्यो, “मलाई मेरो अध्ययनमा धेरै ज्ञान आवश्यक पर्छ,” जसै उसले आफ्नो सानो चस्मा सुको नाकबाट माथि तान्यो। र उसले भन्यो, “मैले निर्णय गरेको छु कि हामी कुखुराहरु धेरै ज्ञानद्वारा आफैलाई राम्रो बनाउनसक्छौ। त्यसैकारणले, म तपाईहरुलाई भन्न सक्छु कि कहाँ, यदि हामीले कुनै निश्चित खोर या दुलोमा खनेर काम गर्छौ भने, हामीले निश्चित भिटामिन फेला पार्नेछु जसले हामीलाई अझै राम्ररी बास्ने बनाउछ, प्वाँखहरु अझै सुन्दर बनाउछ। र, ओ, म तपाईहरुलाई भन्न सक्छु कि कसरी हामीले आफैलाई धेरै तरिकाबाट राम्रो बनाउन सक्छौ।”

21 र तिनीहरुको साना रातो चोटीका साथ साना गरारीहरु, तिनीहरुले भर्खरै हाने र भने, “के उनी प्यारो छैनन्?” र तिनीहरुले पक्कै पनि उनको प्रशंसा गरे। “ओ, ऊ साचै नै एउटा बुद्धिमान भाले हो!” मलाई यहाँका केहि सेमिनारी प्रचारकहरुको सम्भना दिलाउछ। “यस्तो प्रतिभाशाली मानिस! हामीलाई बाँकीका कुखुराहरुसंग हिडीरहन जरूरी छैन, हामीहरु सबै उसंगै जानुपर्छ।”

22 ठिक छ, सानो साथीले आफ्नो भाषण सिध्याउनुभन्दा अघि, त्यहाँ अर्को एउटा सानो कुखुरा थियो जसको त्यस्तो चम्किलो प्वाँख थिएन, कुखुराको बाँकी आगनबाट दौडेर भित्र आयो, र भन्यो, “केटाहरु, एक मिनेट! मैले भर्खरै रेडियोमा पछिलो समाचार सुने। कुखुरा पाउण्डमा चार सेन्ट बढ्यो, भोलि हामीहरु सबै वधमा जाँदैछौ! तपाईको ज्ञानले के राम्रो गर्ने छ र?”

23 भाई, हामीले जम्मा गर्न सक्ने सबै ज्ञानले, त्यसले के फाईदा गर्छ र? हामीहरु छ–फूटको धूलो हौँ! हामीहरु सबै इन्च र मिनेटमा मरिरहेका छौ। हाम्रो ज्ञान कुनै अर्थ छैन। हामी उहाँलाई जान्न चाहन्छौ। तर तिनीहरुले त्यसो गर्छन्।

24 मैले केहि समय अघि एउटा सानो क्यानरी चराको बारेमा टिप्पणी गरिरहेको थिए, र उनलाई जान्न पर्ने सबै ज्ञान थाहा छ—छ झैँ लाग्थ्यो, र उनलाई यति धेरै थाहा थियो कि उनले बाकि अन्य क्यानरीहरुलाई मानव जातिको विषयमा भन्न सक्थ्यो। त्यसैले उनी आफ्नो पिंजडामा उडेर गयो र उनले मानव जातिको बारेमा बोल्न थाल्यो, तिनीहरु सबैको बारेमा कसरी उनलाई थाहा थियो। र, अचानक, पर्ड्युका एक प्रोफेसर हिडे र उनलाई केहि उच्च–टलक झलकको शब्दहरु बोले, र त्यो सानो साथिले आफ्नो आँखा झिम्क्यायो र आफ्नो टाउको घुमायो...अब, उनको आँखा थियो, उनले प्रोफेसरलाई देख्न सक्थ्यो। उ संग कानहरु थियो, उनले उसलाई सुन्न सक्थ्यो। तर, अवश्य पनि, उसलाई थाहा थिएन उसले के कुरा गरिरहेको थियो। किन? उसंग एउटा क्यानरीको मस्तिष्क छ। उ केवल एउटा चराको–मस्तिष्क हो। उसले पाएको यति हो। उसले एउटा मानव मस्तिष्क पाएको छैन, त्यसैले उसले मानव जाति जस्तै गरि सोच्न सक्दैन।

25 र मानिसले पनि परमेश्वरले जस्तो गरि सोच्न सक्दैन! तपाई एउटा मानव हुनुहुन्छ, र सबै संसारको ज्ञान एउटा क्यानारी चराको दिमाग भन्दा बढि छैन। तपाईले जे पनि गर्नुहुन्छ, तपाईले आफैलाई यसको साथमा चोट पुर्याउनुहुन्छ। तपाईसंग ख्रीष्टको सोच हुनुपर्दछ।

26 मानिसहरु जान्छन् र संगठनमा शामेल हुन्छन्, र नयाँ जन्मको सट्टामा एउटा हात मिलाईलाई विकल्प बनाउछन्, तिनीहरुले नयाँ जन्मलाई नजरअन्दाज गर्ने कोशिष गर्छन्। तिनीहरुले नयाँ जन्मको चाहना गर्दैनन्। र तिनीहरु—तिनीहरु जान्दछन् कि हामीले बाईबलमा यो सिकाउछौ,

त्यसैले तिनीहरुले यसको विकल्पमा केहि राख्न चाहन्छन्। र पेन्टिकोष्टल मानिसहरु उत्तिकै खराब छन्, केहि कुरा विकल्पको रूपमा राख्न प्रयास गर्दैछन्! तिनीहरुले यो दर्जामा चाहन्छन्। यो यति उत्तम दर्जाको हुनुपर्छ, “हामी हात मिलाउनेछौ र मण्डलीमा शामिल हुनेछौ, र छिर्काउ या बप्तिष्मा हुनेछौ,” या केहि। तिनीहरु नयाँ जन्मदेखि डराउँछन्। म कहिले काहि विश्वास गर्छु कि ब्रन्हाम ट्याबरनेकल यसबाट डराउँदैछ!

27 अब, हामी सबै जान्दछौ कि एउटा जन्म, मलाई वास्ता छैन यो कहाँ हो, या कहाँ, जहाँकहिँ, यो एउटा झमेला हो। यदि एउटा बच्चाको जन्म भूसमा होस्, एउटा कडा भुइँमा होस्, या त गुलाबी–सजाईएको अस्पतालको कोठामा होस्, यो जसरी, पनि एउटा लथालिंगोपन हो। एउटा बाछोको जन्म, कुनै पनि कुरा जन्म होस्, त्यो एउटा झमेला हो।

28 र नयाँ जन्म एउटा झमेलाभन्दा केहि कम छैन! तर मानिसहरु यति धेरै रुखो छन्, “हामीहरु त्यहाँ जान्छौ जहाँ तिनीहरुले हात मिलाउछन्। हामी त्यहाँ जानेछौ जहाँ तिनीहरु चिच्याउदैनन् र रुदैनन्, र वेदीमा पिटेर कराउँदैनन्।” तपाई अत्याधिक मानव हुन चाहनुहुन्छ! हामीलाई के चाहिन्छ भने जन्म, मर्नु, जसले जीवनलाई जन्म दिन्छ!

29 एउटा बिउ, पुरानो आलु, एउटा आलुको बिउ, तपाईले त्यो आलु लिनुहोस् र भुइँमा राख्नुहोस्। नयाँ आलु नआएसम्म, त्यो पुरानो आलु सड्नुपर्छ। एउटा मकैले आफू नसडेसम्म नयाँ जीवन उत्पादन गर्न सक्दैन।

30 र एउटा पुरुष या अहिलले कहिल्यै नयाँ जन्म लिनसक्दैन जबसम्म तिनीहरुको बुद्धि र तिनीहरुको आफ्नै स्वयम सड्दैन, मर्दैन, वेदीमा मर्दैन, र चिच्याउदैन, सबै लथालिंगो हुदैन, त्यो एउटा ठाउँसम्म जहाँ तपाईको कलरबाट रुखोपन बाहिर निस्किन्छ, र तपाई परमेश्वरको आत्माले नयाँ गरि जन्मनुहुन्छ। मलाई कुनै फरक पर्दैन यदि तपाई रिसाउनुहुन्छ, अन्य भाषामा बोल्नुहुन्छ, माथि–र–तल उफ्रनुहुन्छ, कुखुराले टाउको हल्लाएर जसरी हल्लाउनुहुन्छ, तपाईले नयाँ जीवन ल्याउँदै हुनुहुन्छ! तर हामीले यसको सट्टामा केहि विकल्प ल्यायौ, हामीले उच्च स्तरीय तरिका चाहन्छौ, निश्चित रूपमा।

31 अर्को दिन, शुक्रबार, श्रीमती र म पसल जाँदै थिए। मैले यो कुरामा बाजा बाउन खोजेको होइन। तर जसै हामी तल सडकमा गयौ, मैले मेरो टाउको नग्न महिलाहरु हिडिरहेको बाटो भन्दा अर्को तर्फ फर्काईरहे। मैले

परमेश्वरलाई वाचा गरेको थिए जब म एउटा मानिस भएको थिए, यदि उहाँले मेरो आँखा निको पार्नुभयो भने म सहि कुराहरुमा हेर्नेछु। र मैले मेरो कारमा एउटा सानो क्रूस झुण्ड्याउछु। जब म त्यस्तो खालको कुरा देख्छु, म क्रूसमा हेर्छु र भन्छु, "ओ परमेश्वर, त्यो मेरो शरणस्थान हो," जसै म क्रूसमा हेर्छु।

32 मैले ती महिलाहरुलाई देखे। मेडाले भनिन्, "हामीले आज एउटा स्कर्ट लगाएको एउटा पनि स्त्री देखेनौ।" र उनले भनिन्, "बिल, त्यो स्त्रीलाई त्यहाँ हेर त जसको शरीरको माथिल्लो भागमा ती साना साना पट्टिहरुले बेह्रेको छ," र भनिन्, "तिमीले मलाई भन्न खोजेको त्यस स्त्रीलाई थाहा छैन त्यो गलत छ भनि?" भनिन्, "यदि उनलाई यो गलत छ भनि थाहा छैन भने, उनी आफ्नो सहि दिमागबाट बाहिर छिन्"

33 मैले भने, "बस एक मिनेट, प्रिय। उनी एउटा अमेरिकी हुन्, उनले अमेरिकीहरुले जस्तै गर्छिन्।" मैले भने, "धेरै समय भएको छैन म एक पटक फिनल्याण्डमा थिए, प्रिय।"

34 र मैले त्यहाँ एक जना मानिसलाई सोधे जसले मलाई बसाएको थियो, डाक्टर म्यानीनेन। र हामी—हामी स्वास्थ्य स्नानमा जाँदै थियौ, जसलाई "सौना," भनिन्छ र तिनीहरुले तिमीलाई भित्र लान्छन् र तातो पानी, या तातो ढुंगामा पानी हाल्छन्, र यसले केवल तिम्रो पसिना निकाल्छ। त्यसपछि तिनीहरुले तिमीलाई बरफको पानीमा हाम फाल्न लगाउँछन्, र त्यसपछि बाहिर निकाल्छन्। त्यसपछि तिमीले आफैलाई कोठामा लान्छौ, र त्यहाँ नर्सहरु हुन्छन्, महिलाहरु जसले पुरुषहरु जिउमा घोट्छन् (र तिनीहरु नग्न हुन्छन्), र तिनीहरुलाई पोखरीमा फेरी फिर्ता पठाईदिन्छन्। म भित्र जादिन थिए। र मैले भने, "डाक्टर म्यानीनेन, त्यो गलत हो।"

35 उनले भने, "ठिक छ, रेभरेंड ब्रन्हाम, त्यो गलत हो। त्यसो भए तपाईका अमेरिकी डाक्टरहरु बारेमा के हो नि जसले एक महिलालाई नग्न पार्छ र उनलाई टेबलमा राख्छन्, र उनीसंग भएको हरेक लिंग—लिंगको अङ्गको जाँच गर्छन्। अस्पतालहरुमा तपाईको नर्सहरुको बारेमा चाहि के हो नि?"

36 मैले भने, "मलाई माफ गर्नुहोस्, भाई म्यानीनेन, म्यानीनेन, तपाई सहि हुनुहुन्छ।"

37 यो केहि हो? यो चलन हो। जब म पेरिसमा थिएँ, मैले पत्याउनै नसकेको, कि पुरुष र महिला दुवैको शौचालय एउटै थियो। मैले यो बुझ्नै सकिन, कि शौचालयहरु सडकको एक तर्फी दुवै पुरुष र महिलाको लागि थियो। मैले विश्वास गर्नै सकिन जब माहिलाहरु पौडी खेल्न समुन्द्रको तटमा गए, एउटा केटा र उसको प्रेमिका, तिनीहरुको लुगा लगाउने कोठाहरु नै थिएन, तिनीहरुले केवल आफ्नो सबै लुगाहरु अन्तिम लुगासम्म खोले, त्यसपछि तिनीहरु पछाडि फर्किए र सानो पत्ता लगाएर पौडी खेल्नको लागि गए, तर यो त्यस्तै छ। तिनीहरुले यसमा कुनै ध्यान नै दिएनन्। यो फ्रान्सको चलन हो।

38 अफ्रिकामा, माहिलाहरु र पुरुषहरु, जवान र वृद्धा, कुनै पनि लुगा लगाउदैनन्, मैदानहरुबाट हिड्दै। शौचालय भनेको के हो, वा चिजहरु, वा एकअर्काको नजरबाट कहिल्यै बाहिर गएनन्। तर तिनीहरुलाई फरक नै थाहा छैन। तिनीहरुलाई फरक नै थाहा छैन। तर यो राष्ट्रहरुको रितिहरु हुन्।

39 तर मैले भने, "प्रिय, हामीहरु फरक छौ, हामीहरु अर्को राष्ट्रका हौँ। हामीहरु यहाँ तिर्थयात्री र अन्जानहरु हौँ, जसले गर्दा यी कुराहरु यति गलत देखिन्छ। किनकि बाईबलले भनेको छ, 'तिनीहरु जसले यो दावी गर्छन्, दावी, तिनीहरु तिर्थयात्रीहरु र अन्जानहरु हुन् भनि देखाउँछन्, तिनीहरुले आउनेवाला शहरको खोजी गर्छन्।'"

40 इटाली, फ्रान्स, अफ्रिकामा एउटा पुरुष या महिला, कुनै पनि अन्य राष्ट्रमा, जो पवित्र आत्माबाट नयाँ गरि जन्मेको छ, त्यसले यी कुराहरु गर्दैन। तिनीहरुले ती लुगाहरु लगाउँदैनन्। तिनीहरुले त्यस्तो खालको व्यवहार गर्दैनन्, किनभने तिनीहरु अर्को राष्ट्रका हुन् जसको शाषक र निर्माता परमेश्वर हुनुहुन्छ। हामीहरु स्वर्गबाट हौँ। तपाई भित्र रहेको आत्माले, तपाईको जीवनलाई उत्प्रेरित गर्दछ। यदि तपाई अमेरिकी हुनुहुन्छ भने, तपाईले अमेरिकीहरुले गरे जस्तै गर्नुहुनेछ। यदि तपाई फ्रान्सेली हुनुहुन्छ भने, तपाईले फ्रान्सेलीहरुले गरे जस्तै गर्नुहुनेछ, र अर्कोलाई आलोचना गर्नुहुन्छ। तर यदि तपाई परमेश्वरबाट हुनुहुन्छ भने, तपाईले स्वर्गमा तिनीहरुले गरेको जस्तै तरिकामा गर्नुहुनेछ, किनभने तपाईको आत्मा माथिबाट आउँछ र यसले तपाईलाई नियन्त्रण गर्दछ।

41 एउटा सानो केहि कुरामा तपाईले हेर्न सक्नुहुन्छ। धर्मशास्त्रमा, तिनीहरु जसले यो नयाँ शहर देखे, तिनीहरुले फरक तरिकामा व्यवहार गरे। तिनीहरुले आफू तिर्थयात्री र अन्जानहरु भएको दावी गरे। तर कयिनको पक्षमा, तिनीहरु भगौडा र विद्रोहि बन्छन्। तर इसाईहरु तिर्थयात्री र अन्जानहरु हुन्।एउटा भगौडाको कुनै घर हुदैन, एउटा आवारा डरलाग्दो व्यक्ति हो। तर तिर्थयात्री केहि वास्तविक हो, र अर्को राष्ट्रको एउटा वास्तविक भूमिबाट हो, आफ्नो घरतिरको बाटो खोज्ने प्रयास गरिरहेको छ, उसको जीवनबाट दावी गर्दै कि उनीसंग केहि कुरा छ जुन उनी अर्को देशको हो। त्यहाँ कारण छ।

42 तर यद्धपि ती मानिसहरु जसले त्यसो गर्छन्, ती मानिसहरु जसले ती कुराहरु लगाउछन्, म तपाईलाई केहि भन्न चाहन्छु। दक्षिण अफ्रिकामा, जब मैले तिस हजार कच्चा जातिहरु, नग्न, मूल निवासीहरु। सोह्र–, अठार–, बिस–वर्षका–केटिहरु, एउटा पनि सिलाई नभएका केटाहरु, त्यहाँ तिनीहरुको अनुहारमा माटो सहित उभिरहेका थिए, रंग लगाएको, तिनीहरुको नाकबाट हड्डीहरु, र तिनीहरुको कानमा झुण्डिरहेको काठका टुक्राहरु, र मानव हड्डीहरु वा तिनीहरुको केशमा केहि हड्डीहरु, तिनीहरुमा जनावरहरुको दाँत झुण्डाईरहेको, तिनीहरु संसारमा आउँदा जस्तै नाङ्गै थिए, र यो जान्दैन पनि थिए। तर जब तिनीहरुले ख्रीष्टलाई ग्रहण गरे, र घोप्टो परे र पवित्र आत्मा प्राप्त गरे, तिनीहरु उठे र तिनीहरुको काँखको शर्म ढाक्नको लागि आफ्ना हातहरु बेह्रे, जसै तिनीहरु हिँडे र लगाउनको लागि लुगाहरु भेट्टाए। किन? तिनीहरु यो संसारको लागि तिर्थयात्री र अन्जानहरु बने। हाल्लेलुयाह! तिनीहरु उहाँबाट टाढा थिए। हो, श्रीमान्।

43 ओ, हो, यी मानिसहरुले आफैलाई इसाईहरु हौँ भन्छन्। तिनीहरु मण्डलीहरुका हुन्। तिनीहरु जान्छन् र भन्छन्, “हामीहरु मेथोडिष्टहरु हौँ। हामीहरु ब्याप्टिष्टहरु हौँ। हामीहरु पेन्टिकोष्टलहरु हौँ। हामी सेभेन्थ–डे एडभेन्टिष्टहरु हौं। हामीहरु *यो, त्यो र अन्य* हौं।” त्यसको यो संग कुनै सम्बन्ध नै छैन। तपाईको आत्मा, तपाईमा रहेको जीवनले, तपाई के हो भनेर उत्प्रेरित गर्छ र भन्छ। येशूले भन्नुभयो, “तिनीहरुको फलबाट तिमीहरुले तिनीहरुलाई चिन्नेछौ।”

44 मण्डली पहिलो त इस्राएल जस्तै भएको छ। तिनीहरुले सबै मूर्तिपूजक राष्ट्रहरु एउटा राजा भएको देखे। परमेश्वर तिनीहरुको राजा हुनुहुन्थ्यो।

र तिनीहरुले मूर्तिपूजक देशहरुमा राजा भएको देखे, त्यसैले तिनीहरुले अन्यजाति देशहरु जस्तै व्यवहार गर्न चाहन्थे, अनि तिनीहरुले आफ्नै लागि एउटा राजा ल्याए। र जसै तिनीहरुले यो गरे, तिनीहरु समस्यामा परे। विस्तारै यो आउन थाल्यो। विस्तारै संसार तिनीहरुमा पस्न थाल्यो। अनन्तः अहाबमा आएर सकिए। एउटा राजा यसको थोरै नजिक आउदै, एउटा थोरै नजिक आए, र अन्ततः तिनीहरुबाट जीवन नै निकालेर छोडे। र तिनीहरु त्यहाँ गए। र जब साँचो राजा आयो, तिनीहरुले उहाँलाई चिनेनन्।

45 त्यहि नै कार्य मण्डलीले गरेको छ। यसले अपनाएको छ। यहाँ तपाई हुनुहुन्छ। यसले राजनीति, शिक्षालाई अपनाएको छ। यसले संगठनहरु, समाज, ठूला मण्डलीहरु, नामको भोको प्रचारहरुलाई अपनाएका छन्। र जब वास्तविक राजा आउनुहुन्छ, तिनीहरुले उहाँलाई चिन्दैनन्, र तिनीहरुले त्यहि पवित्र आत्मालाई क्रूसमा चढाईरहेका छन् जो तिनीहरुको राजा हुनुहुन्छ। तिनीहरुले उहाँलाई चिन्दैनन्, तर तिनीहरु उहाँमाथि हास्छन् र उहाँको मजाक उडाउछन्। जसरी यहूदीहरुले आफ्नो मसिहलाई गरे, मण्डलीले पनि आफ्नो मण्डलीलाई त्यसरी नै गरिरहेका छन्। उनीहरुलाई यो थाहा छैन। तिनीहरुले आत्मिक अन्तर्दृष्टि पाएका छैन, किनभने तिनीहरु आफ्नो आँखा र आफूले देखेका, ठूला भवनहरु, यति तल्लिन छन् कि संसारसंग तुलना गर्न खोजिरहेका छन्। हामीले कहिल्यै पनि संसारसंग तुलना गर्नको लागि प्रेरित—प्रेरित गरेनौ। हामी त आफैलाई नम्र बनाउन प्रेरित छौ।

46 र, परमेश्वरमा, एक बहुमत हो। र आज बाहिर मैदान प्रचारकहरुको चंगाईमा, त्यहाँ यस्तो प्रतिस्पर्धा छ, प्रतिस्पर्धीहरु। एउटाले भन्छ, "अँ, परमेश्वरलाई धन्य होस्, म संग कति धेरै हजारौ मानिसहरु छन्। मसंग तिम्रोभन्दा ठूलो सभाहरु छ।" त्यसले के फरक पार्छ र? हामीसंग एक या दस लाख होस्, यसले के नै फरक पार्छ र? के हामी परमेश्वर प्रति सच्चा छौँ? के हामी उहाँको वचनमा सच्चा छौँ? के हामी पवित्र आत्माको परिक्षामा खडा छौँ? के यो सत्य हो? त्यो मूख्य कुरा हो।

47 तर हामी बाईबलमा सम्झौता गर्छौं। हाम्रा धेरै जसो पेन्टिकोष्टल मानिसहरु, बाईबलका अधारभूत सिद्धान्तहरुमा, सम्झौता गरेका छौ। त्यहाँ म...भावनाहरुलाई चोट पुर्याउन चाहन्न। म मेरो आफ्नै मण्डलीमा छु, र महसूस गर्छु कि म—म के गर्न सक्छु, मेरो मण्डलीमा गर्न सक्छु,

किनभने म सुसमाचार प्रचार गरिरहेको छु। तर त्यहाँ दशौ हजार पेन्टिकोष्टल प्रचारकहरुलाई थाहा छ कि त्यहाँ बाईबलमा "पिता. पुत्र, पवित्र आत्मा।" को नाममा बप्तिष्मा जस्तो कुरा केहि पनि छैन। म आर्कबिशप या कसैलाई पनि चुनौती दिन्छु, यो देखाउन कि कहाँ "पिता, पुत्र, पवित्र आत्मा।" को नाममा कसैले बप्तिष्मा लिएको छ। तर तिनीहरुले सम्झौता गर्छन्, किनभने संगठनले त्यसो गरेको छ। त्यहाँ नयाँ नियममा एउटा पनि व्यक्ति छैन, र तीन सय वर्ष पछि, इतिहासद्वारा, तर येशू ख्रीष्टको नाममा बप्तिष्मा भएको थियो। यो के हो? संगठन। त्यसले यो गर्यो। सम्झौता!

48 र आज तिनीहरुले सबै सडकका मजदूरहरुलाई सडकहरुबाट निकालेका छन्। तिनीहरुले मण्डलीबाट खैजडीनिकालेका छन्। तिनीहरुले सबै महिमाहरु मण्डलीबाट निकालेका छन्, र सेमिनारी प्रचारहरु पाएका छन्, सानो पुरानो भाले–चोटी प्रचार गर्दै, सबै समाजमा परिमार्जन भएका, र तिनीहरुका महिलाहरु छोटा कट्टु र लुगाहरु लगाउदै छन् जुनमा तिनीहरु छाला देखाउछन्, र पुरुषहरु चुरोट पिउदै, र जुवा खेल्दै र फोहोर माकहरु चुट्कीलाहरु सुनाउछन्। यो परमेश्वरको नजरमा अपमान हो! मलाई थाहा छ त्यो रूखो छ, तर यो त्यो समय हो जहाँ कसैले केहि भन्यो। सम्झौता गर्दै, हरेस खादै, संसार जस्तै व्यवहार गर्दैछन्!

49 मलाई फिक्री छैन यदि म एक्लै खडा हुन पर्छ भने, परमेश्वर बाहेक कोहि साथमा नभए पनि, म परमेश्वरको बाईबलको सत्यता प्रचार गर्नेछु र त्यसको पक्षमा खडा हुनेछु। यदि म मरे भने, म अझै पनि सत्यको निम्ति खडा हुनेछु। निश्चय नै। हामीहरु सत्यता चाहन्छौ। म मण्डलीको अनुसार नाप्दिन, तर परमेश्वरको वचन अनुसार म मापन गर्न चाहन्छु।

50 तर दलीला, के तपाईले ध्यान दिनुभयो? शिमशोन एउटा शक्ति थियो भनि उनलाई थाहा थियो। र त्यो शक्ति कहाँ थियो भनि उनले जान्दैन थिईन्। उनले भन्न सक्दैन थिईन् त्यो शक्ति के थियो भनि, तर त्यहाँ केहि महान शक्ति थियो जुन शिमशोनसंग थियो, र उनले यसलाई पत्ता लगाउन चाहन्थिन्। र, दलीला जस्तै, उनले शिमशोनलाई आफ्नो सुन्दरताको पछि आकर्षित गरिरहेकी थिईन्।ओ, उनले आफैलाई वास्तवमै कामोत्तेजक लुगा लगाईन्। र उनी उसको अगाडि आईन् र उनी आजका केहि साना किशोर–किशोरीहरु जस्तै गरि लोभ्याउने गरि हासिन्, र—र यस्तै गरिन्, र बस

केहि अर्कै जस्तै गरि व्यवहार गर्न चाहिन्, एउटा कपडा उतार्ने वाला नृत्य गर्ने खालको, शिमशोनलाई उनी तर्फ लोभ्याउने कोशिष गर्दै।

51 त्यो त्यहि नै कुरा हो जुन संसारले मण्डलीलाई गरेको छ। अब तिम्रो महान् शक्ति कहाँ छ?

52 "ठिक छ, यदि हामीहरु संगठित भयौ भने, त्यसले शक्तिलाई तोड्नेछ।" क्याथोलिक मण्डलीले यो गर्यो।

53 "शिमशोन, फलिश्तीहरु तपाई माथि आईलागे।" र लूथर बाहिर आयो।

54 त्यसपछि तिनीहरु फेरी संगठित भए। "यदि तिमीले मलाई अर्को डोरीले बान्यौ भने, यसले मलाई समात्नेछ।" त्यसैले तिनीहरुले त्यसो गरे।

55 "र शिमशोन, फलिश्तीहरु तपाईमाथि आईलागे।" के भयो? वेस्ली बाहिर आयो र डोरीहरु चुडालीदियो।

56 "अब तपाईले मलाई सबैतिरबाट धोखा दिनुभयो। के तपाईलाई थाहा छैन तपाईलाई म प्रेम गर्छु, शिमशोन? ठिक छ, मलाई तपाईको मनको सत्य बताउनुहोस्।"

"ठिक छ, तिमीले मलाई अर्को डोरीले बान।"

57 "ठिक छ, अब हामी त्यो गर्नेछौ।" त्यो के हो? त्यो साम्प्रदायिक डोरी हो।

58 "तपाईले मलाई स्वतन्त्र हुन दिनुहोस्, कि मसंग कुनै सम्प्रदाय छैन। त्यसपछि, म तपाईलाई भन्छु, तपाईले मलाई तोड्नुहुनेछ।" त्यसैले पेन्टिकोष्टल बाहिर निस्किए। तिम्रो शक्ति कहाँ छ?

"फलिश्तीहरु तिमीमाथि आईलागे।" र उनले फेरी डोरी चुडाले।

59 तर अब के भयो? योसंग पेन्टिकोष्टल छ, तिनीहरुको पादरीको लागि दिव्यताका ठूला डाक्टर, केहि महान् मानिस। तिनीहरुमा उत्ति नै विद्या र रितिहरु छन् जत्तिको मेथोडिष्ट या ब्याप्टिष्ट संग छ, या बाकि अन्यसंग भएको जत्ति छ। तपाई मण्डलीमा जानुहोस् र तपाईले "आमेन" सुन्न सक्नुहुन्न, ठिक उत्तिकै चिसो जति उत्तरी ध्रुवको छेउमा एस्किमोसका झुण्डहरु छन्। चिसो! उदासिन! "र अब फलिश्तीहरु तिमीमा आई लागे, शिमशोन।"

60 र अब फलिश्तीहरु तिमीमा आई लागे, अमेरिका। आत्माको त्यो एकता कहाँ छ? पेन्टिकोष्टको एकता कहाँ छ? परमेश्वरको मण्डलीहरु, र संयुक्त, र परमेश्वरको मण्डली, र *यो, त्यो, अर्को,* प्रत्येक एक फरक फरक पन्थमा, यो *त्यस* संग, र यो *त्यो* अर्को संग। हामीहरु यतिसम्म टुटेका छौ कि तपाई एउटा शहरमा जान सक्नुहुन्छ र एउटा जागृति थाम्नुहुन्छ, यदि एउटा मण्डलीले यसलाई प्रायोजित गर्यो भने, बाकि रहेका उपस्थितसम्म हुदैनन्। कम्युनिस्टहरु तिमीमा आई लागे, अमेरिका।

61 हाम्रो शक्ति कहाँ छ? हाम्रो महिमा कहाँ छ? यो के हो? किनभने हामी परमेश्वरको शक्तिको साट्टो मानिसको बुद्धिको पछि लाग्यौ! किन? तिनीहरुले हाम्रा प्रचारकहरु पाए र चिजहरु यति कठोर र रूखो छन्, तबसम्म तिनीहरुले संगठित गरे तबसम्म हामी यति रूखो र हठी भयौ, तबसम्म मानिसहरु...के तपाईले मण्डलीमा कुनै चिच्याएको कहिल्यै सुन्नुहुन्छ? तपाईले कोहि पनि रोएको कहिल्यै सुन्नुहुन्न। शोक गर्ने बस्ने मेच भुइँतल्लामा राखिएको हुन्छ। त्यहाँ मण्डलीमा कुनै महिमा बाकि छैन। हामीले गर्ने केव जत्ती कठोर हुनसक्छौ त्यति बनेर बस्छौ। हामीहरु स्वतन्त्र छैनौ। हामीहरु बाधिएका छौ। शैतानले, आफ्ना आधुनिकतावादि दुष्टहरु संगै, जीवित परमेश्वरको मण्डलीलाई बाधेको छ। त्यो सहि हो। त्यहाँ मण्डलीमा कुनै शक्ति बाकि छैन। त्यहाँ कुनै स्वतन्त्रता बाकि छैन। मानिसहरु यति रूखो र हठी छन्! किन, परमेश्वर पेन्टिकोष्टल मानिसहरुको बीचमा आउनसक्नुहुन्छ, र उहाँ परमेश्वर हो भनि देखाउनसक्नुहुन्छ, र उहाँको पुनरुत्थानको चिन्हहरु प्रमाणित गर्नुहुन्छ, यसले तिनीहरुलाई हल्लाउदैन। महिमा! किन, यो अपमानजनक छ! म देश भरि हिड्छु, परमेश्वर काम गर्दै, चिन्हहरु प्रदर्शन गर्दै हुनुहुन्छ, र मानिसहरु बस्छन्, र, "ठिक छ, मलाई लाग्छ त्यो सबै ठिक छ। ओ, मलाई थाहा छ यो गर्न सकिन्छ।" यसले तिनीहरुलाई हल्लाउदैन! किन? तिनीहरु दलीलासंग बाधिएका छन्, संसारसंग। तिनीहरु बन्धनहरुमा छन्।

62 अब तिनीहरुले उनीहरुलाई पनि शामिल गरेका छन्, तिनीहरुलाई एउटा संगठनमा बाँधेका छन्। "शिमशोन, फलिश्तीहरु तिमी माथि आईलागे।" तिमीले यसको बारेमा के गर्न जाँदैछौ?

63 "ओ, हामीसंग महान् संगठनहरु छन्।" पक्कै पनि। "हामीसंग पहिले भन्दा धेरै ठूलो सदस्यता छ।" तर आत्मा कहाँ छ? पवित्र आत्मा कहाँ छ?

64 त्यो नै शैतानले गरेको छ। यसले मण्डलीलाई लोभ्याएको छ। यसले मण्डलीलाई आकर्षित पारि नै रहेको छ, "म कहाँ आऊ, म तिमीलाई यहाँनिर एउटा ठूलो मण्डली दिनेछु यति तिमीले *यो* गर्यौ भने। यदि तिमीले तिमीसंग भएको त्यो कट्टर प्रचारकबाट आफुलाई छुटायौ भने, र एउटा मानिस ल्याऔ, एउटा दिव्यताको डाक्टर जसमा केहि विचार छ, हामी एउटा राम्रो ठूलो पारम्पारिक मण्डली निर्माण गर्नेछु र हामीहरु तिनीहरु बाँकी जस्तै हुनेछौ।" धिक्कार छ तिमीलाई! बरु एक जना त्यो मानिस हौँ जसले बिजबाट कफीको टुक्रा छुट्टाउन जान्दैन, तर पवित्र आत्माले भरिएको होस्, जुन सम्झौता नगरिएको थियो, परमेश्वरको शक्तिद्वारा।

65 तर यो, ओ, यति रूखो छ, जबसम्म कोहि गरीब सन्त सभामा छिरेर अन्य भाषाहरुमा बोल्दैन, वा अलिकति चिच्याउदैन, वा केहि गर्छ, र बाँकी रहेकाहरु सबै वरिपरी हेर्नेछन्। "त्यो के थियो? ठिक छ, किन अचम्म? त्यो एउटा कट्टर मूर्ख हुनुपर्छ जो कहिँ झारिएको छ।" तपाईलाई त्यहाँ छ त्यो सत्य हो! कुनै गरीब सन्त भित्र पस्छन्, आफ्नो हात उठाउन पर्याप्त खुसी हुन्छन्, र रोएर प्रभुको प्रशंसा गर्छन्, जसले सुसमाचार प्रचारमा "आमेन" भन्नसक्छन्, र बाकिरहेकाहरु फर्के र उनले के भने त्यो हेर्छन्। त्यो पेन्टिकोष्टल हो। के भयो? तपाईहरुले मेथोडिष्टको ढाँचाको पछि, ब्याप्टिष्टको पछि; तिनीहरु क्याथोलिकको ढाँचाको पछि लागे; क्याथोलिक नरकको ढाँचा पछि लाग्यो। र, सबैसंगै, यो सबै नरकको पछि लागे! सहि हो।

66 दलीलाले तपाईलाई ठूला मण्डलीहरुमा आकर्षित गरेको छ, राम्रो, शिक्षित सेवकहरु, राम्रो कक्षा लिन्छन्। "ठिक छ, तपाईलाई थाहा छ, त्यस्तै र त्यस्तै यहाँ करोडपति छ, यदि हामीले केवल उसलाई हाम्रो मण्डलीलाई ल्याउनसके! ओ, प्रभु!" यदि ऊ नयाँ गरि जन्मेको छैन भने, उनी त्यहाँ हुन योग्य छैन। मलाई मतलब छैन यदि उहाँसंग दस लाख डलर छ। यदि उसंग चालिस ओटा क्याडील्याक छ भने, जे केहि पनि उहाँ छ होला, उहाँ नयाँ गरि जन्मनु पर्दछ, सिधै नयाँ जन्ममा आउनुहोस् र आत्माद्वारा फेरी जन्मिनुहोस, र त्यहाँबाट बाहिर निस्केर एउटा नयाँ जन्ममा आउनुहोस्, घमण्डी (मलाई माफ गर्नुहोस्), एक–रुदै र कराउँदै, र अन्य बाँकी रहेकाहरुले जस्तै गर्दै, र उसले यो पाएको छ भनि प्रमाणित गर्न त्यस पश्चात एउटा जीवन जिउनुहोस्। आमेन। त्यो नै हो जुन तपाईलाई चाहिन्छ।

67 “शिमशोन, फलिश्तीहरु तिमीमाथि आईलागे।” कम्युनिस्टहरु तिमीमाथि आई लागे। संसार तिमी माथि आईलाग्यो। शैतान तिमीमाथि आई लाग्यो।

68 तिनीहरु फर्केर जान्चंन्न र तिनीहरुले परमेश्वरको आत्माले आश्चर्य कर्महरु गरेको देख्छन् र उहाँको पुनरुत्थानको कुराहरु गर्छन्, येशूले के प्रतिज्ञा गर्नुभयो, तिनीहरुले भन्छन्, “तपाईलाई थाहा छ, मलाई लाग्छ भाई ब्रन्हामलाई धेरै नै मानसिक विचारसंक्रामण छ। मेरो पाष्टरले भनेको त्यो शैतानबाट थियो।”

69 तिमि गरीब, पाखण्डी, भ्रमित अविश्वासी, सबै देखावटी, तिमी भेडाको खोलमा ब्वाँसो हौ! येशूले भन्नुभयो, “यदि तिमीले मलाई चिनेको भए, तिमीले मेरो दिन पनि चिन्नेथियौ।” तर तपाईसंग साऊलहरुको झुण्ड छन् जसले तपाईलाई बाँकी संसार जस्तै बनाउने प्रयास गर्दछ।

70 हामी परमेश्वरका मानिसहरुको झुण्ड चाहन्छौ जसले वचनमा सम्झौता गर्दैनन्, तर सत्य प्रचार गर्दछ र पवित्र आत्माको बप्तिष्मामा खडा हुँदछ।

71 तर संसारले के गर्यो? यसले तपाईको सबै शक्तिलाई खौरीदियो। तपाई नासरत, पेन्टिकोष्ट भई जन्मनुभयो, तर संसारले निश्चयनै तपाईको शक्तिलाई खौरीदियो। अब यो बाँकी रहेकाहरु जत्तिकै रूखो छ।

72 हामीहरु के गर्नेवाला छौ? के हुन गईरहेको छ? त्यहाँ एउटा महिमामय कुरा छ जुन म यस पाठको अन्त्यमा सोच्न सक्छु।

73 शिमशोन बाँधिएको बेला! हामीमा एउटा जागृति हुनसक्दैन। हाम्रो इमानदार भाईलाई सुन्नुहोस्, बिल्ली ग्राहम, “हाम्रो दिनमा जागृति!” हाम्रो ओरल रोबर्ट्स कराएको सुन्नुहोस्, “हाम्रो दिनमा जागृति!” तिनीहरु बाँकीकाहरु लाई सुन्नुहोस्, “हाम्रा दिनमा जागृति!” हामीमा कसरी एउटा जागृति हुनसक्छ जब कि हामी बाँधिएका छौ? हामीले पवित्र आत्मालाई, हाम्रो संगठनहरु र परम्पराहरुले बाँधिदिएका छौ, र हामीसंग पवित्र आत्माको जागृति हुनसक्दैन। आमेन। मलाई थाहा छ कि यो मौसमको साथ, यो चर्को तातो छ, तर यो सत्य हो। हामीले कसरी पवित्र आत्माको जागृति पाउनसक्छौ जब कि हामी यति अनुबन्धित र रूखो छौ! “भक्तिको भेष,” बाईबलले भनेको छ तिनीहरुमा यो हुनेछ। “ईश्वर भक्तिको भेष लगाउछन्, तर शक्तिलाई इन्कार गर्छन्।” के को शक्ति? संगठनको शक्ति? संसारको शक्ति? मण्डलीको शक्ति? पवित्र आत्माको शक्ति! त्यो

नै मण्डलीको गुप्त स्थान हो। र जब मण्डलीले शिक्षित प्रचारकहरु, र ठूला भवनहरु र सजावटलाई अपनाउछन्, पवित्र आत्माको पुरनो–शैलीसट्टामा लिन्छन्, तिनीहरु फेरी पनि मिसनमा हुनु राम्रो हुन्छ। आमेन, सत्य हो। पवित्र आत्माको एउटा जागृति तपाईले कसरी पाउन जाँदै हुनुहुन्छ, र मानिसहरुले यसलाई निन्दा गर्छन् र यसलाई बाँध्छन् र यससंग डराउँछन्? त्यहाँनिर समय रहेको छ।

74 "फलिश्तीहरु तिमीमाथि आईलागे।" शिमशोन भ्यालखानामा हुदै गर्दा हामीसंग एउटा धन्यको आशा छ।

75 जब तिनीहरुले उनलाई समाते तिनीहरुले पहिलो कुरा के गरे? तिनीहरुले उनलाई बाँधे, पहिलो। तिनीहरु उनको शक्ति खोसे, तिनीहरु उनको रहस्य पत्तो लगाए। तिनीहरुले तपाईको रहस्य जाने। संसारले तपाईको रहस्य थाहा पाए। अब तपाई माहिलाहरु जसले कपाल काट्नुहुन्छ, जो संसार जस्तै चल्छ। तपाई पुरुषहरु सबै जानुहुन्छ र संसारको जस्तो व्यवहार गर्नुहुन्छ। यो सबै ठिक हो, चुटकिला र फोहोर चुटकिलाहरु भन्नुहुन्छ, र बाहिर जानुहुन्छ र केहि चुरोटहरु पिउनुहुन्छ, र छिमेकीको श्रीमतीसंग भाग्नुहुन्छ, र सबै त्यस्तै खालका कुराहरु, तपाईको आफ्नो कामलाई पक्रिराख्न थोरै सामाजिक पेय पिउनुहुन्छ। म बरु मेरो पेटमा राखेर सोडा क्र्याकर र हाँगाको पानि पिउछु, अनि परमेश्वरको अगाडि सफा र शुद्ध रहन्छु, कुनै खालको एउटा रोजगारको लागि सम्झौता गर्नुभन्दा। त्यो सहि हो। सत्य। परमेश्वरमा सच्चा रहनुहोस्।

76 "शिमशोन, फलिश्तीहरु तिमीमाथि आईलागे।" ब्रन्हाम टेबरनेकल, संसारिक–वाद तपाईहरुको बीचमा आउदैछ। यसको बारेमा के हो? के तपाईले आफ्नो रहस्या खुलासा गर्नुभयो? के तपाईले केहि वर्ष पहिले त्यहाँ भुसामा डुब्दै गर्दा परमेश्वरले तपाईलाई दिनुभएको त्यो रहस्य खुलासा गर्नुभएको छ? के तपाईले यसलाई सामाजिक, औपचारिक उपासनाबाट बाहिर निस्किन दिनुभएको छ? तपाईलाई के भएको छ? परमेश्वर तल आउन सक्नुहुन्छ र एउटा आश्चर्य कर्म गर्नसक्नुहुन्छ र ठिक दर्शकहरुबाट भएर जानसक्नुहुन्छ र मानिसहरुलाई तिनीहरुको हृदयमा भएका रहस्यहरु, र सबै कुराहरु बताउन सक्नुहुन्छ, र बिरामी र व्यथामा भएकाहरुलाई निको पार्नुहुन्छ, र चिन्हहरु र चमत्कारहरु गर्नुहुन्छ, र तिनीहरुले सकेसम्म उहाँको वचनलाई, पवित्र आत्माद्वारा प्रचार गर्नुहुन्छ;

र मानिसहरुले भन्छन्, "ठिक छ, मलाई लाग्छ त्यो सबै ठिकै छ। हामीले यसलाई कुनै समयमा एकपटक सुनेर आनन्द लिन्छौ, यदि हामी धेरै थकित छैनौ भने।" त्यो ब्रन्हाम टेबरनेकल हो। फलिश्ती तिमी माथि आई लागेको छ।

77 जब, कुनै समय जब वचनको प्रचार हुने गर्थ्यो, र पुराना सन्तहरु आँखामा आशु सहित हुन्थे, तिनीहरु खुट्टामा उभिएर हिड्थे, रुँदै, शायद एक शब्द पनि नबोली, केवल वरिपरी हिड्दै, दुई वा तिन पटक, र तल बस्थे, पवित्र आत्माले भरिपूर्ण भई! वचनले तिनीहरुलाई खुवायो! "मानिस रोटिले मात्रै बाच्दैन, तर परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचनले जीवित रहदछ।" फलिश्ती तिमी माथि छ, ब्रन्हाम टेबरनेकल।

फलिश्ती तिमी माथि छ, पेन्टिकोष्टल।

78 निस्सन्देह, फलिश्तीले तपाईलाई समातेको छ, बाकि रहेका तपाई, धेरै समय पहिले नै जब तपाईले आफैलाई यति कडा संगठित बनाउनुभयो, कुनै पनि कुरा भित्र आउदैन जबसम्म तपाई प्रेस्बिटेरियन, ब्याप्टिष्ट, मेथोडिष्ट, क्याथोलिक, या केहि हुनुहुन्न। तिनीहरु बाँकीसंग तपाईको कुनै सम्बन्ध नै हुदैन।

79 त्यसैले, तपाईको दिनमा जागृति? हामीसंग कसरी यो हुनसक्छ जबकि नियमित जागृति–दिनुहुने संसारद्धारा बाँधिएको अवस्थामा छ? संसार जहाँ छ परमेश्वर त्यहाँ आउनुहुदैन, तपाई त्यसमा केवल भर पर्न सक्नुहुन्छ। तपाई संसारसंग मिल्नुहुन्छ, तब यो—यो सबै यहि नै हो। जब तपाईले संसारलाई भित्र पस्न दिनुहुन्छ, तपाई संसार जस्तै व्यवहार गर्न जानुहुन्छ, तब तपाई समाप्त हुन्छ। तर जब तपाईले संसारबाट सबै बन्धनहरु खुकुलो पारी खोल्नुहुन्छ, र परमेश्वरमा आउनुहुन्छ, तपाईलाई परमेश्वरले फेरी पनि जिस्काउन नगएसम्म प्रयोग गर्नुहुन्छ।

80 आज बिहान मसंग भएको एउटै मात्र आशा यो छ, मेरो सन्देशलाई सम्बोधन गर्न, यो हो, "जब शिमशोनलाई बाँधिएको थियो, एउटा कपालको नयाँ झट्का निस्कियो।"

81 अन्तिम समय हुनुभन्दा अगाडि परमेश्वरले हामीलाई अर्को मण्डली पठाउनुहुन्छ, जहाँ पवित्र आत्माको शक्ति उनीमा आउनसक्दछ, आत्माको प्रदर्शनमा, र मण्डलीमा मर्कूस १६ पछ्याउन सक्छ, प्रेरित २:४. प्रेरित २:३८, यो सबै नै मण्डलीसंगै पछ्याउनेछ। चिन्हहरु र आश्चर्य कर्महरु

प्रेरितहरुसंग थियो। उहाँको पुनरुत्थानको महान् चिन्हहरुले तिनीहरुलाई साथ दिएको थियो। जब हामी झ्यालखानामा छौँ, निश्चय पनि परमेश्वरले अन्तिम ठूलो हत्याको लागि, कतै बाली उब्जाईरहनुभएको छ। आज बिहान यहाँ मेरा इसाई मित्रहरु, यो तपाई हुनुभएको होस्, तपाईको शक्ति बढ्न शुरू गरेको होस्। म प्रार्थना गर्दछु कि यस बिहान यो संदेश, र त्यो भूमिमा जहाँ यो जानेछ, म भरोसा गर्छु कि यस संदेशले तपाईको प्रणालीमा भिटामिन ल्याउन मद्दत गर्नेछ जसले तपाईको जीवनमा फेरी पनि एउटा आत्मिक शक्तिलाई फर्काई ल्याएर बढाउँछ।

आउनुहोस् हाम्रा शिरहरु झुकाऔ र प्रार्थना गरौँ।

82 ओ प्रभु परमेश्वर, स्वर्ग र पृथ्वीका सृष्टिकर्ता, अनन्त जीवनको अधिकारी, र सबै असल र आत्मिक वरदानहरुको दाता, यी शब्दहरु यस बिहान लिनुहोस् र त्यसलाई हृदयहरुमा राखिदिनुहोस्, त्यसलाई पानी दिनुहोस्, प्रभु। मानिसहरुले यी कुराहरुमा प्रार्थना गर्न सकेका होऊन्, यो देखेर कि संसारले मण्डलीलाई लोभ्याएको छ र अन्ततः यसले आफ्नो शक्ति भेट्टाएको छ, आफ्नो गुप्त स्थान भेटेको छ, आफ्नो रहस्य कहाँ रहेको छ भन्ने भेट्टाएको छ, र यसलाई खौरीदिएको छ। एक पटकको विजयको नारा लगाउने, एक पटक विजय प्राप्त गर्ने मान्छेहरु लिएको छ, तिनीहरुलाई खौरीदिएको छ, बुधबार राति घरमै बसेर टेलिभिजन कार्यक्रम हेर्न बस्ने। जसले तिनीहरुको हृदयबाट आनन्द निकालिदियो, र परमेश्वरको लागि भन्दा बढि संसारको लागि प्रेम दियो। संसारिकका लागि, तिनीहरुलाई अझ धेरै संसार दिएको छ, सुसमाचारको प्रचारभन्दा बढि संसारिक मनोरन्जनको चाहना दिएको छ। यदि त्यहाँ एउटा ठूलो समूदाय छैन र धेरै कुराहरु छैन, र कराउने र जारी राख्ने, त्यसो हो भने तिनीहरुले पुरानो सुसमाचार कतिपनि, चाहन्नन्, जुनले प्राणमा आनन्दको आशु ल्याउछ, जसले दिव्य चंगाई फर्काएर ल्याउछ, जसले मण्डलीलाई अपोस्टोलिक वारदानहरु पुनर्स्थापना गर्दछ, जसले यस दिनको मसिह, बौरी उठेको ख्रीष्टलाई भित्र ल्याउछ।

83 तर जसरी इस्राएल तिनीहरुको राजाहरु द्वारा—द्वारा बाँधिएको थियो, कि तिनीहरुले वास्तविक राजालाई पछ्याउन सकेनन्; र वास्तविक राजा, जब उहाँ आउनुभयो, तिनीहरुले उहाँलाई चिनेनन्। आज पनि त्यस्तै नै छ। ओ, प्रभु, महिमाको राजा पवित्र आत्माको रूपमा प्रकट हुनुभएको छ,

र, प्रभु, तिनीहरुलाई यो थाहा पनि छैन। तिनीहरुले यसलाई चिन्दैनन्। तिनीहरु यदि कस्सेर संगठित भएका छन्, कि तिनीहरुले यो बुझ्न सक्दैनन्, किनभने यो तिनीहरुको संगठनमा छैन। प्रभु, यो शैतानको काम हो जसले मानिसहरुमा यो गरेको छ।

84 हुन सकोस् परमेश्वरको शिमशोन, हृदयमा सच्चा, तिनीहरु जो चाहना गर्दै र रुँदै छन्, र विन्ती गर्दै र पर्खिरहेका छन्, यो नयाँ बाली नआउन्जेलसम्म, प्रभु, तिनीहरु यससंग रहिरहेका होउन्। सियोन फेरी एउटा आनन्द नआएसम्म, र त्यहाँ एउटा समूदाय नआएसम्म जसले चिन्न र बुझ्न सक्छन्, जसले मसिह र संसारबाट लुकाईएको गुप्त शक्तिलाई देख्न सक्छन्, कि तिनीहरुले यो अहिले बुझ्ने छैनन्। प्रदान गर्नुहोस्, प्रभु, कि तिनीहरुले यो देख्नेछन्। किनकि हामी येशूको नाममा यो माग्दछौ। आमेन।

[टेपमा रिक्त स्थान—सम्पा।]
...शक्ति भर्खरै अहिले,
ओ प्रभु, शक्तिलाई भर्खरै अहिले पठाउनुहोस्
र हरेकलाई बप्तिष्मा दिनुहोस्।

तिनीहरु माथिल्लो कोठामा थिए,
तिनीहरु सबै एकै मनका थिए,
जब पवित्र आत्मा अवतरण भयो
त्यो हाम्रो परमेश्वरद्वारा प्रतिज्ञा गरिएको थियो।

ओ प्रभु, तपाईको शक्ति भर्खरै अहिले पठाउनुहोस्,
ओ प्रभु, तपाईको शक्ति भर्खरै अहिले पठाउनुहोस्;
ओ प्रभु, तपाईको शक्ति भर्खरै अहिले पठाउनुहोस्
र हरेकलाई बप्तिष्मा दिनुहोस्।

85 म उहाँलाई कति प्रेम गर्छु! केवल उहाँको शक्ति पठाउनुहोस्! तिनीहरु माथिल्लो कोठामा थिए, सबैजना एकै मनका थिए। सारा संसार तिनीहरुबाट बाहिर बगेर गएको छ। तिनीहरु रित्तो पारियो, र पवित्र आत्मा आउनुभयो।

86 आज तिनीहरुले भन्छन्, "आउनुहोस्, मण्डलीमा जोडिनुहोस्, पुस्तकमा तपाईको नाम राख्नुहोस्। वा झुक्नुस् र भन्नुहोस्, 'म ख्रीष्टलाई परमेश्वरको पुत्रको रूपमा स्वीकार्छु,' उठ्नुहोस्।" शैतानले पनि त्यस्तै गर्छ। निश्चय नै। यहूदाको बप्तिष्मा हुँदा शैतानको बप्तिष्मा भएको थियो। यहूदाले बाहिर गएर सुसमाचार प्रचार गर्दा शैतानले सुसमाचार प्रचार गरेको थियो।

तर शैतानले पवित्र आत्मा पाएन। त्यो नै हो। त्यहाँ निर हो जहाँ गुप्त शक्ति छ, त्यो पुनरुत्थान, जसले सकारात्मक जान्दछ, निस्सन्देह रूपमा। आमेन।

87 उहाँ यहाँ हुनुहुन्छ। उही पवित्र आत्मा, जो मसिहमा हुनुहुन्थ्यो, अझै पनि उहाँको मण्डलीमा हुनुहुन्छ। उहाँले कहिल्यै छोड्नुहुन्न। "म सधै तिमीसंग हुनेछु, जगतको अन्त्यसम्म तिमीमा हुनेछु। म त्यहाँ हुनेछु। मैले गरेका कामहरु, तिमीले पनि गर्नेछौ। यो भन्दा पनि बढ्ता गरेर गर्नेछौ किनकि म मेरा पिता कहाँ जाँदै छु।"

88 तर संसारले यसमा सम्झौता गर्छ, "ओ ती दिनहरु बितेका छन्!" ठिक त्यहि जुन तपाईले गरेको शैतानले चाहन्छ। तिनीहरुले तपाईलाई आकर्षक बनेको चाहन्छ। परमेश्वरले तपाईलाई बप्तिष्मा दिन चाहनुहुन्छ। परमेश्वरले तपाईमा चाहनुहुन्छ...तपाई भन्नुहुन्छ, "ओ, म त्यो सबै विश्वास गर्दिन जुन तिनीहरुले लिएर हिडीरहेका छन्।" अगाडि बढ्नुहोस र जिउनुहोस्, अगाडि बढ्नुहोस् र तपाईको पापमा जिउनुहोस्, आफ्नो पापमा बाँच्नुहोस्। तर तपाई नसडून्जेल, तपाईको आफ्नै विचारमा नसडुन्जेल, तपाईको आफ्नै शैलीमा तपाई नसडून्जेल, र पुनःउत्पन्न र फेरी नयाँ गरि नजन्मुन्जेल, र त्यो बितेको भन्दा त्यो नयाँ जीवन पूर्णरूपले फरक हुनेछ।

89 मकैको दाना पहेलो भई तल जान्छ, र हरियो भएर हुर्किन्छ। कडा र दबिएको अवस्थामा तल जान्छ, यो लचिलो र हावासंगै बग्दै आउछ। ओ, महिमा! हाल्लेलुयाह! जब हावा चल्न थाल्छ, अन्नले आफैलाई सार्ने, सराई, गर्ने बाहेक अरु केहि गर्न सक्दैन तर सानो—सानो धार आउछ र रमाउछ, त्यसपछि बढ्छ, आफैलाई बलियो बनाउँछ। मकै मरेर नकुहिन्जेलसम्म यो एउटा पातको धार बन्न सक्दैन। मर्ने मात्रै होइन; तर कुहिने पनि। फर्केर आउनसक्दैन, तर यसबाट जीवन बाहिर आउँछ।

90 जस्तो मैले केहि समय अगाडि भनेको थिए, एउटा जन्म भयानक कुरा हो, दूषित, फोहोर, फोहोरको पनि फोहोर, तर जीवन त्यहीँ छ। जब तपाई आफैलाई फोहोरी ठान्नुहुन्छ, तपाईको मेथोडिष्ट, ब्याप्टिष्ट र पेन्टिकोष्टल धर्महरुलाई फोहोर ठान्नुहुन्छ, र वेदीमा मार्नुहुन्छ, त्यसपछि नयाँ जीवन आउँछ। पवित्र आत्माले तपाईलाई त्यसको माथी बनाउनुहुन्छ; तपाईले परमेश्वर देख्नुहुन्छ।

91 हामीले उहाँलाई कुनै महिमामय दिनमा देख्नेछौ। कुनै मरणशील मानवको पाहुँचभन्दा बाहिर, हामी उहाँलाई देख्नेछौ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? कुनै दिन मरणशील मानिसको पाहुँचभन्दा बाहिर, त्यहाँ मेरो लागि आनन्दित भोली पर्खिरहेको छ।

92 म गत राती यहाँ कुनामा उभिरहेको थिए, र मैले सानो रब्बी लसनलाई देखेको जस्तो लाहेको थियो। जब उहाँ यहाँ तल हुने गर्थ्यो, र आफ्नो पुरानो छडी लिएर वरिपरी पुग्नुहुन्थ्यो र मलाई त्यसको घाटीले तान्नुहुन्थ्यो। उहाँको लाठीले मेरो घाटी तान्नुहुन्थ्यो, यहाँ पुलपिटको माथि, र त्यो गीत गाउनुहुन्थ्यो। "त्यहाँ मेरो लागि पर्खिरहेको छ..." [टेपमा रिक्त स्थान—सम्पा।]...?...

93 केहि भयो! यसले संसारलाई बाहिर निकाल्यो। मैले चिजहरु फरक देख्न थाल्छु। म यी अमेरिकी मानिसहरुले गर्ने तरिकाको बारेमा धेरै चिन्तित भएको छु, निरन्तर, वर्ष पछि वर्ष। महिला र पुरुषहरुले आफुलाई अपमानित गर्दै र पापमा लागेको देखेर, यतिसम्म कि म लगभग झन्डै रोएको, दुई या तिन पटक, यसकुरामा चिन्ता लिएर। हिजो, मैले परमेश्वरलाई भने, "म अब कति पनि चिन्ता लिदिन। तपाईको वचनले यसो हुनेछ भनेको छ। तर म खललमा उभिनेछु र म मा भएसम्म सबै कुराले यसको विरुद्धमा बोल्नेछु।"

94 अर्को दिन, ग्रिन्स मिलमा उभिदै गर्दा, मेरो गुफामा, पछाडि उजाडस्थानमा, दिनभर प्रार्थना गरिरहे। र करिब तिन बजेतिर, सूर्य अस्ताउदै थियो, र म त्यहाँ पारी उभिएर हेर्दै थिए, गुफाबाट बाहिर आईज, माथी ठूलो चट्टाननिर। र म त्यहाँ उभिरहेको थिए, पूर्वतर्फ हेर्दै, परमप्रभुको प्रशंसा गर्दै। र मैले सूर्यलाई पहाडको टुप्पोमा रूखहरु पछाडि ओर्लिरहेको देख्न सक्थे, जसरी मैले घाटिको पारी अर्कोलाई हेरे, र धेरै पातहरु, जस्तो स्थिर रहन सक्थ्यो त्यो स्थिर थियो। अनि मैले भने, "प्रभु, एकदिन तपाईले मोशालाई चट्टानको फाँटमा लुकाउनुभयो, र उनी थाकेको हुनाले, तपाई उनको छेउबाट भएर जानुभयो। तर तपाई छेउबाट जानुभयो, उसले यो भने 'एउटा मान्छेको ढाँड जस्तो देखियो।' मैले भने, "मलाई फाँटमा लुकाउनुहोस्, प्रभु।" करिब त्यो समयमा, मेरो एक छेउमा, झाडीहरुबाट भएर एउटा सानो हावा आयो। यो ठिक छेउबाट आयो, ठिक

मेरो छेउबाट आयो, एउटा सानो हावा तल तिर बग्दै, जंगलबाट तल गयो। म त्यहाँ उभिए।

कुनै दिन, परमेश्वरलाई मात्र थाहा छ त्यो कहाँ या कहिले,
मरलशील जीवनको चक्रहरु सबै स्थिर रहनेछ,
तब म सियोनको पहाडमा बस्न जानेछु।

कुनै दिन मरणशील मानिसको पहुँचभन्दा बाहिर,
कुनै दिन, परमेश्वरलाई मात्र थाहा छ त्यो कहाँ या कहिले,

के हुन जानेछ? उनले बन्द गर्न जाँदैछिन्, यी सबै साना घुमिरहेका चक्रहरु।

मरणशील जीवनको चक्रहरु सबै स्थिर रहनेछ,
तब हामी सियोनको पहाडमा बस्न जानेछौं।

तल झुल, मिठो रथ,
मलाई घर लैजान आउँदै हुनुहुन्छ;
तल झुल, मिठो रथ,
मलाई घर लैजान आउँदै हुनुहुन्छ;

यदि तपाई म भन्दा पहिले त्यहाँ पुग्नुभयो भने,
मलाई घर लैजान आउँदै हुनुहुन्छ;
भाई बोस्वर्थलाई भनिदिनु, र मेरा सबै साथीहरुलाई, पनि,
केवल मलाई घर लैजान आउँदै हुनुहुन्छ;

अब तल झुल ...(उनी कुनै दिन डुब्नेछिन् र मलाई उठाउनेछिन्।)...रथ–...
(हरेक रूख आगो हुनेछ; परमेश्वरको स्वर्गदूतहरु, आगोको रथ)...मलाई टाढा घर लैजानको लागि;
तल झुल, मिठो रथ,
मलाई घर लैजान आउँदै हुनुहुन्छ।

95 यी मध्ये एकदिन, यी दिनहरु मध्ये एक दिन मेरो मृत्युको घडीको तल्लो भागहरुमा, म उहाँको आगमनलाई खोज्दैछु। त्यो सहि हो।

मैले यर्दन पारी हेरे अनि मैले के देखे
मलाई घर लैजान आउँदै हुनुहुन्छ; (बुढो एलियाले
  यर्दन पारी हेरे जस्तै)
उज्यालो स्वर्गदूतहरुको समूह मेरो लागि आउँदै छ,
तिनीहरु मलाई घरलानको निम्ति आउदै थिए।

तल झुल, तल झर, मिठो रथ,
मलाई घर लैजान आउँदै हुनुहुन्छ;
तल झुल, मिठो रथ,
मलाई घर लैजान आउँदै हुनुहुन्छ।

96 प्रभु येशू, यस रथको धन्य चालक, सियोनको पुरानो जहाजको विमान चालक, जीवनको डुंगा, भवनहरुबाट तल झर्दै, बोल्दै, उहाँको उपस्थिति यहाँ छ। उहि पवित्र आत्मा यहाँ हुनुहुन्छ जसले उहाँलाई चिहानबाट बौरी उठाउनुभयो।

97 तिनीहरुले प्रार्थना कार्डहरु नदिने भएकोले, के यहाँ कोहि हुनुहुन्छ जो शहर बाहिरबाट आउनुभएको छ, जुन मलाई थाहा छैन, जो यहाँ प्रार्थनाको लागि हुनुहुन्छ? आफ्नो हात उठाउनुहोस, मलाई थाहा छैन। तपाईको आफ्नो हात उठाउनुहोस्, मलाई थाहा छैन। तपाई, तपाई त्यहाँ। मलाई लाग्छ कि जुँगा भएको सानो साथी त्यहाँ पछाडि, कसैले आफ्नो हात उठाउनुभएको छ त्यहाँ पछाडि। हो, तपाई, के तपाईले आफ्नो हात उठाउनुभयो? ठिक छ। त्यहाँ पछाडि, तपाई, श्रीमान्। ठिक छ। तपाईहरु सबिया मेरो लागि अपरिचित हुनुहुन्छ? कि प्रभु येशू, उही भेडाको गोठालो यहाँ, के तपाई विश्वास गर्नुहुन्छ कि उहाँको प्रतिज्ञा सत्य छ भनि? उहाँले आफ्नो मण्डलीलाई अभिषेक गर्नुहुन्छ, र "मैले गरेका कामहरु, तिमीले पनि गर्नेछौ। यो भन्दा नि ठूलो काम तिमीले गर्नेछौ, किनकि म पिताकहाँ जान्छु। यो भन्दा पनि बढ्ता गरेर!" तपाई त्यो विश्वास गर्नुहुन्छ?

98 मलाई चिनेको छैनौ भनेर तिमीले हात उठाएको हौँ? के तपाई विश्वास गर्नुहुन्छ कि तपाईको हृदयमा के छ भनि परमेश्वरले मलाई भन्न सक्नुहुन्छ, मसंग बोल्न सक्नुहुन्छ ठिक त्यसरी जस्तो उहाँले त्यस स्त्रीसंग बोल्नुभयो जसले उहाँको पोशाक छोएको थियो? के तपाई विश्वास गर्नुहुन्छ कि उय्हान प्रधान पूजारी हुनुहुन्छ जसलाई हाम्रो दुर्बलताको भावनाले छुन सक्छ? यदि परमेश्वरले मलाई तपाईको अवस्थाहरु प्रकट गर्नुहुन्छ भने, के म उहाँको

अगमवक्ता हुँ भनि तपाईले विश्वास गर्नुहुनेछ, उहाँ उपस्थिति यहाँ छ र त्यसैले उहाँले अनुमति दिनुहुन्छ भनि विश्वास गर्नुहुन्छ? तपाई आफ्नो श्रीमतीको लागि प्रार्थना गर्दै हुनुहुन्छ। उनको कम्मर भाँचिएको छ, कम्मर विस्थापित भएको छ। त्यो सहि हो। यदि यो सहि हो भने, उठाउनुहोस्। ठिक छ, जानुहोस् र उनलाई निको भएको पाउनुहोस्। आमेन।

99 त्यहाँ पछाडि तपाईको बारेमा के छ, त्यो सानो साथी जसले हात उठानुभएको छ, जसको जुँगा छ? तपाई आफ्नो सारा हृदयले विश्वास गर्नुहुन्छ? तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले मलाई तपाईको समस्याहरुको बारेमा भन्न सक्नुहुन्छ भनि? तपाई विश्वास गर्नुहुन्छ कि तपाईको छोरा निको हुनेछ भनि? तपाई गर्नुहुन्छ? एउटा केटा पाउनुभयो, उनलाई मस्तिष्क पक्षघात भएको छ। यो सहि हो। तपाई होइन... यो केन्टकीबाट हो। यदि यो ठिक हो भने, आफ्नो हात उठाउनुहोस्। म तपाईलाई चिन्दिन, चिन्छु र? यदि हो भने...आफ्नो हात *यसरी* उठाउनुहोस्, हामीले एकअर्कालाई चिन्दैनौ। यो सहि हो। परमेश्वरमा भरोसा गर्दै। के तपाई विश्वास गर्नुहुन्छ? जस्तो तपाई विश्वास गर्नुहुन्छ, तपाईले विश्वास गर्नु भएको जस्तै आफ्नो केटालाई पाउनुहोस्। केवल आफुलाई आफ्नो हृदयमा राख्नुहोस्।

100 यहाँ को हुनुहुन्थ्यो आफ्नो हात उठाउने, जसलाई मैले गरिन—गरिन...के यो तपाई हुनुहुन्थ्यो। ठिक छ, श्रीमान्, के तपाईले म परमेश्वरको अगमवक्ता हुँ भनि विश्वास गर्नुहुन्छ? [मानिसले भन्छ, "आमेन।"—सम्पा।] तपाई गर्नुहुन्छ, आफ्नो सारा हृदयले? तपाई उठ्नुपर्दैन, केवल ठिक त्यहाँ उभिनुहोस्। ठिक छ, श्रीमान्, तपाईको समस्या के हो, तपाईलाई मधुमेह छ। र यसले तपाईको खुट्टालाई सताउँदैछ। तपाई ओहायोबाट हुनुहुन्छ। तपाईको नाम श्रीमान् मिल्लर होव। घर फर्केर जानुहोस् र निको हुनुहोस्। ठिक छ, तपाईको सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्। ठिक छ।

तपाई विश्वास गर्नुहोस्...? यसलाई विश्वास गर्नुहोस्। यदि तपाईले विश्वास गर्नसक्नुहुन्छ भने!

101 यहाँ बसिरहनुभएकि महिला, के तपाईले आफ्नो हात उठाउनुभयो? ठूली महिला, चस्मा लगाउनुभएको, तपाईले आफ्नो पूर्ण हृदयले विश्वास गर्नुहुन्छ? तपाई विश्वास गर्नुहुन्छ...तपाई मलाई परमेश्वरको सेवक भनि

विश्वास गर्नुहुन्छ? तपाई गर्नुहुन्छ? ठिक छ, यदि परमेश्वरले मलाई तपाईको समस्या के हो भनिदिनुभयो भने, के तपाई विश्वास गर्नुहुन्छ? मुटुको समस्या। ठिक छ, यदि त्यो सहि हो भने आफ्नो हात उठाउनुहोस्। ठिक छ।

102 यहाँ तपाईको छेउमा हुनुभएको महिला, उठ्नुभयो। मुटु; तर यो वास्तवमा तपाईको आँखा हो। म उहाँलाई चिन्छु। ठिक छ, यदि तपाईले विश्वास गर्नसक्नुहुन्छ!

103 त्यहाँ पछाडि, अर्को मान्छेलाई त्यहाँ मुटुको समस्या, पनि, र एउटा छालाको रोग छ। के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईलाई निको पर्नुहुनेछ? तपाई गर्नुहुन्छ, श्रीमान्?

104 त्यहाँ पछाडि कतै एकजना पुरुष हुनुहुन्छ, आफ्नो हात उठाउनु भएको थियो जसले...श्रीमान स्कूवर्ट। ठिक छ, श्रीमान्। ठिक छ, के तपाई विश्वास गर्नुहुन्छ? यो तपाईको आँखाको लागि पनि, हो, होइन र? तपाई आफ्नो आमाको लागि पनि, त्यहाँ बाहिर बसेर प्रार्थना गर्दै हुनुहुन्छ। यदि यो सहि हो भने, आफ्नो हात उठाउनुहोस्। हामी अपरिचित छौँ। के त्यो सहि हो? आफ्नो हात मिलाउनुहोस्, एक अर्कामा आफ्नो हात मिलाउनुहोस्। ठिक छ, त्यो ठिक छ। यदि तपाईले विश्वास गर्नसक्नुहुन्छ भने, तपाईले प्राप्त गर्नसक्नुहुन्छ!

105 बौरी उठ्नुभएको येशू ख्रीष्ट भवन भित्र हुनुहुन्छ। उहाँ एउटै हुनुहुन्छ। यसले तपाईलाई के गर्छ? के तपाईले संसारको सबै शक्ति आफ्नो बाहिर निकाल्न दिनुभयो? महिमा! म नयाँ जन्म चाहन्छु! म नयाँ जीवन चाहन्छु! मलाई फरक पर्दैन कुन समतलमा यो आउँछ, यदि म एउटा पवित्र भनौदा, जे केहि हुन परे पनि। मलाई फरक पर्दैन कुन समतलमा यो आउँछ, म वास्तविक पवित्र आत्मा अहिले ममा चाहन्छु। म यसलाई राख्न चाहन्छु! म संसारका सबै थोकहरु भन्दै बरु यो नै पाउन चाहन्छु। आमेन! तपाई विश्वास गर्नुहुन्छ? उहाँ यहाँ हुनुहुन्छ भन्ने तपाई विश्वास गर्नुहुन्छ?

106 एकअर्का माथि आफ्नो हात राख्नुहोस्, त्यसपछि। उहाँले गर्नसक्ने मलाई अर्को एउटा कुरा भन्नुहोस्। केहि पनि छैन। अब विश्वास राख्नुहोस्। यो सकियो भनि विश्वास गर्नुहोस्।

107 प्रभु परमेश्वर, स्वर्गहरु र पृथ्वी सृजनु हुने, अनन्त जीवनको अधिकारि, र सबै असल वरदानहरुको दाता, तपाईको आत्मा यहाँ यति

अभिषेक हुदैछ, प्रभु, यस्तो देखिन्छ भवन एक–श्वास फेर्दैछ, पछाडि र अगाडि चलिरहेको जस्तो। किन मानिसहरुले यो बुझ्नसक्दैनन्, प्रभु? तिनीहरुले—तिनीहरुले आफैलाई संसारसंग यति धेरै जोडेका छन्, र यति चिसो र औपचारिक अनि रूखो भएका छन्। जबसम्म तिनीहरुले तपाईलाई नचिन्ने भईसक्छन्? प्रभु परमेश्वर, यस शक्तिले सबैलाई प्रहार गरेको होस्, र हरेक बिमार व्यक्ति निको होस्, प्रत्येक पापी बचाईयोस्, र परमेश्वरले माहिमा पाएको होस्। येशू ख्रीष्टद्वारा, परमेश्वरको पुत्र, म यसलाई माग्छु। आमेन।

108 तपाई यो विश्वास गर्नुहुन्छ? आफ्नो हात उठाउनुहोस्। के तपाई आफ्नो चंगाई स्वीकार गर्नुहुन्छ? परमेश्वरले तपाईलाई आशिष दिऊन्। अब जानुहोस् र तपाईले विश्वस गर्नुभए जस्तो यसलाई पाउनुहोस्, यो त्यस तरिकामा हुनेछ। म दर्शनहरु अरूमा आईरहेको देख्छु। त्यो सहि हो। म आज राति फर्किनुपर्छ।

109 यदि तपाईले अहिले विश्वास गर्नुभएन भने, तपाईले कहिल्यै पनि विश्वास गर्नुहुन्न। त्यो सहि हो। येशूले एकपटक यो गर्नुभयो, र तिनीहरुले भने, “तपाई...हामी जान्दछौ कि मसिह कहिले आउनुहुनेछ, उहाँले हामीलाई यो भन्नुहुनेछ।” उनले भनिन्, “मलाई थाहा छ कि मसिहले त्यो गर्नुहुनेछ। तर तपाई को हुनुहुन्छ?”

उहाँले भन्नुभयो, “म उहि हुँ।”

110 तब उनी शहरमा दौडेर गईन् र भनिन्, “आऊ, हेर एक जना मानिसलाई जसले म के थिएँ र मैले के गरेको थिए भनि जान्दथे। के यो मसिह होइन र?”

111 उहाँले भन्नुभयो, “यी कुराहरु अन्तिम दिनहरुमा हुनेछ। मण्डलीले सत्य प्रचार गरिरहेको हुनेछ, यो वचनमा उभिरहेको हुनेछ। यसले परमेश्वरको सबै आज्ञाहरु पूरा गर्नेछ। यो संसारसंग मिल्ने छैन। र त्यसको माध्यमबाट म चल्नेछु र उही कार्यहरु गर्नेछु।”

112 तर उहाँले भन्नुभयो, “तिनीहरु हठी, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख–विलासलाई प्रेम गर्ने, विश्वासघाती, उत्ताउला, भक्तिको भेषचाहिँ लिने,” धेरै धार्मिक, मण्डलीमा जाने। “भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्। यस्ता मानिसहरूबाट अलग्ग बस!”

113 तपाई मानिसहरु, जो कोहि पनि तपाई मण्डलीमा हुनुहुथ्यो, कि उहाँले भर्खरै बोलाउनुभएको छ, मबाट दर्शन गएको छ। यदि—यदि त्यो सत्य थियो भने, जे मैले भनेको थिए, र तपाईमा त्यो भएको मैले नजान्दा नजाँदै, आफ्नो हात उठाउनुहोस्, जो कोहि पनि यो हुनुहुन्छ। पूरा मण्डलीभरि, हरेक—हरेक व्यक्ति। ठिक छ। बुझ्नुभयो? तिनीहरुलाई चिन्दिन, कहिल्यै तिनीहरुलाई देखेको थिएन; तर पवित्र आत्मा यहाँ हुनुहुन्छ र उहाँले तिनीहरुलाई चिन्नुहुन्छ। के तपाईले देख्न सक्नुहुन्न कि यो म होइन?

114 सुन्नुहोस्! यदि उहाँले मलाई त्यो कुरामा भरोसा गर्नुभयो भने, उहाँले मलाई वचनको सत्यताले भरोसा गर्नुहुन्छ, किनभने सत्य केवल वचनद्वारा आउनसक्दछ। "पश्चात्ताप गर, र तिमीहरूका पाप–क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ, किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढ़ा–टाढ़ामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।" तपाई यो विश्वास गर्नुहुन्छ? त्यहाँ एक क्षणमा एउटा बप्तिष्माको सेवा हुनुपर्नेछ।

115 आउनुहोस् हाम्रो शिरहरु झुकाऔं। तिनीहरुले बप्तिष्माको लागि तयार पार्दै गर्दा म पाष्टरलाई प्रार्थना गर्नको निम्ति माग्दछु। मलाई लाग्छ त्यहाँ एउटा बप्तिष्माको सेवा आउँदैछ। ठिक छ।

*संसारद्वारा, धोखामा पारिएको एउटा मण्डली* NEP59-0628M

(A Deceived Church, By The World)

**मण्डली शृंखला**

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार बिहान, जुन २८, १९५९, ब्रन्हाम टेबरनेकल जेफेरसनमा, इन्डियाना, यु.एस.ए, मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2022 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



VOICE OF GOD RECORDINGS

P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.

www.branham.org